मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

अमेरिकी सहायक विदेशमन्त्री लु नेपालमा



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ३० ● २०८१ साल मंसिर २४ गते सोमबार ● Monday 09, December 2024 ● सूर्योदय: बिहान ६:४३ बजे ● सूर्यास्त: साँझ ५:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## छवि वीरगंजमा अनि रविको पालो



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सानो पाइला सहकारी ठगी प्रकरणमा अनुसन्धानका लागि कास्की प्रहरीको हिरासतमा रहेका छविलाल बन्जाडेलाई वीरगंज ल्याइएको छ । आइतबार छविलाई पर्सा पठाइएको कास्की प्रहरीले जानकारी दिएको छ । बन्जाडेसँगै हिरासतमा रहेका उनका अंगरक्षक रामप्रसाद खनालसहित छवि राति वीरगंज आइपुगेको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रमुख एसपी कुमोद ढुंगेलले बताए ।

आइतबार कास्की अदालतका न्यायाधीश हिमलाल बेल्बासेको इजलासले रवि लामिछानेसहितलाई ४ दिन हिरासतमा राख्न म्याद थप गरिसकेको छ । जिबी राई समूहले सञ्चालन गरेका देशका ठूला ५ सहकारी ठगी प्रकरणमा उनका व्यावसायिक साझेदारहरू रवि लामिछाने र छविलाल बन्जाडे प्रहरीको नियन्त्रणमा छन् ।

उनीहरूसँग पोखराको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, चितवनको सहारा चितवन र काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीमा बयान लिइसकिएको छ । मंगलबार काठमाडौंबाट चितवन लगिएका लामिछानेलाई त्यहाँ २ दिनसम्म बयान लिएर बुधबार राति पोखरा लगिएको थियो । वीरगंजको सानो पाइला सहकारीबाट गोर्खा मिडिया नेटवर्कमा रवि र छवि सञ्चालक रहेको ८ करोड रूपैयाँभन्दा बढी रकम गैरकानुनी रूपमा गएको संसदीय छानबिनले देखाएको छ । यस प्रकरणमा जिबी राईलाई पहिलो चरणमै प्रतिवादी बनाएर अदालतमा मुद्दा दायर गरिसकिएको छ ।

दोस्रो चरणको अनुसन्धानमार्फत अब रवि लामिछाने, छविलाल बन्जाडेसहितलाई प्रतिवादी बनाउने प्रहरीको तयारी छ । छविको बयान सकिएपछि रविलाई वीरगंज ल्याउने तयारी रहेको प्रहरीले जनाएको छ ।

## मधेशमा श्याम र अवधेशको भिडन्त हुने



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघको मधेश प्रदेश समितिको चुनावी प्रतिस्पर्धा रोचक हुने भएको छ ।

यसपटक पत्रकारका ठूला संगठनहरु प्रेस चौतारी नेपाल र नेपाल प्रेस युनियन एकठ्ठा भएर निर्वाचनमा होमिएका छन् भने प्रेस सेन्टर नेपालले प्रेस युनियनको विद्रोही समूहको साथसहित अन्य विभिन्न पत्रकारका संगठनसहित निर्वाचनमा भाग लिएको छ ।

मंसिर २८ गते हुने केन्द्र, प्रदेश र जिल्लाको निर्वाचन अन्तर्गत केन्द्रमा उम्मेदवारी दर्ता भइसकेको छ भने प्रदेशमा आज सोमबार मनोनयन तोकिएको छ ।

महोत्तरीको बर्दिबासमा सम्पन्न प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन नेपाल र प्रेस मञ्च नेपालले अध्यक्षमा प्रेस मञ्चका अवधेश झा र महासचिवमा प्रेस सेन्टरका शैलेन्द्र क्रान्तिलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । सहमति अनुसार, मञ्चले अध्यक्ष र सचिव, प्रेस सेन्टरले उपाध्यक्ष र महासचिव, समाजवादीले महिला उपाध्यक्ष र कोषाध्यक्ष लिने भएको छ ।

यता प्रेस चौतारी र नेपाल प्रेस युनियनले अध्यक्षमा अहिलेका महासचिव श्याम बञ्जारालाई अध्यक्ष बनाउने भएको छ । महासचिवमा विभिन्न नाम चर्चामा रहे पनि सार्वजनिक भएको छैन ।

## गढीमाई मेलामा बली शुरु
## सीमामा रोकियो राँगोबोका





**मधेशदृष्टि**
**बारा ।**
बाराको गढीमाई नगरपालिकाको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको गढीमाई मन्दिरमा आइतबारदेखि विधिवत रूपमा बली शुरु भएको छ । पञ्चवर्षीय अन्तरालमा आयोजना हुने मेलाले लाखौँ भक्तजनलाई आकर्षित गर्ने गरेको छ । मन्दिरका पुजारी मंगल चौधरीका अनुसार बली प्रक्रिया धामीले पाँच थोपा रगत गढीमाईलाई चढाएर विधिवत रूपमा शुभारम्भ गरेका छन् । यो रीतिअनुसार जिब्रो, आँखाको परेली, छाती, पाखुरा र तिघ्राबाट रगत निकालेर चढाइन्छ ।

विश्वप्रसिद्ध बारा बरियापुर स्थित पञ्चवर्षीय गढीमाई मेला अन्तर्गत आइतबार मुख्य दिन हो । मेलामा बली दिन भारतीयले ल्याउँदै गरेको सैयौँ पशु चौपाया भारतीय सिमानामा रोकेर फिर्ता पठाएको छ । गढीमाई मन्दिरमा गरिएको भाकल पूरा भएपछि भारत बिहारको विभिन्न स्थानबाट बली प्रदान गर्न भक्तजनले ल्याएको राँगा र बोका ल्याउँदै गरेकोमा एक गैरसरकारी संस्थाका प्रतिनिधिले भारतीय सीमानामा रोकेर फिर्ता पठाएका हुन् । पशु बलीको विरोध गर्दै आएका भारतीय गैरसरकारी संस्था वर्ल्ड लाइफ दिल्लीबाट आएका प्रतिनिधि पछिल्लो केही दिनयता भारतीय सीमा नाकामा सक्रिय छन् ।

बारा, बरियापुरस्थित विश्वप्रसिद्ध गढीमाई मन्दिरमा भारतबाट आउने मुख्य नाकामा उनीहरूले भारतीय प्रहरीको सहयोगमा पशुचौपाया रोकेर फिर्ता पठाइरहेको प्रत्यक्षदर्शीले बताए । गढीमाई मन्दिरमा बलीका लागि भारतबाट पशु चौपाया लिएर आउने मुख्य भारतीय सीमानाका रक्सौल, आदापुर, छौडादानो, सन्तगन्ज, झरौखर, जमुनिया, बैरगनियालगायत छन् । एक सातादेखि सक्रिय ती संस्थाका प्रतिनिधिहरूले गढीमाई मन्दिरमा बलीको लागि विभिन्न नाका हुँदै ल्याउन लागिएको ५ सय भन्दा बढी राँगा र बोका भारतीय सिमानाबाट फिर्ता पठाएको भारतीय सीमा सुरक्षा बल एसएसबी स्रोतले जनाएको छ ।

यद्यपि बिहारको विभिन्न स्थानबाट गढीमाई मन्दिरमा बली दिन ल्याएको ठूलो संख्यामा राँगा र बोका भक्तजनले चोर नाका हुँदै भिल्याउन सफल भएका छन् । बारा, महागढीमाई नगरपालिका–१ बरियापुरस्थित विश्व प्रसिद्ध गढीमाई मेला मङ्सिर १ गते देखि शुरु भएको हो र मंसिर ३० गतेसम्म लाग्ने छ ।

गढीमाई मेलामा हिजो शनिवार अहिले सम्मकै उच्च भिड देखिएको थियो । विश्वमै पशु बलीका रूपमा प्रख्यात बरियापुर गढीमाई मेलामा देश विदेश बाट दर्शनार्थीहरु आउने क्रम जारी छ । यस वर्षको मेलामा करिब ३ करोड दर्शनार्थीले मेला अवलोकन गर्ने मेला समितिले अनुमान गरेको छ ।

गढीमाई मेलामा हालसम्म ४० लाख भन्दा बढी दर्शनार्थी देश विदेशबाट आइसकेका छन् । मेलामा दर्शनार्थीको सुरक्षाका लागि तीन हजारको संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित ट्राफिक प्रहरी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय बाराले जानकारी दिएको छ । यसको अलावा नगर प्रहरी, स्वयम्सेवकहरू समेत भक्तजनहरूको सुरक्षार्थ खटिएका छन् भने सुक्ष्म तारिकाले सबैको निगरानीका लागि ३ सय ५० भन्दा बढी सिसिटिभी क्यामरा पनि राखिएको छ ।

**चोरको बिगबिगी**

गढीमाई मेलामा दर्शनार्थीको घुइँचो बढ्न थालेपछि चोर एवम् पकेटमारको बिगबिगी पनि बढ्न थालेको छ । स्थानीय भाषामा 'टाई' भनिने चोर–लुटेरा समूहले मेलामा आएका सैयौँ दर्शनार्थीको सुनका सिक्री, मोबाइल, गरगहना तथा पर्स चोरी भएको उजुरी प्रहरीसामु पुगेको पनि छ, कतिपयले भने कहाँ उजुरी गर्ने भन्ने मेसो नै नपाएको बताइएको छ ।

आश्चर्यको कुरा त के छ भने गढीमाई मेलामा स्थानीय प्रहरीसँग चोरहरूको सेटिङ नै हुने गरेको बताइएको छ । प्रहरी स्रोतका अनुसार मेलामा पकेटमार (टाई)हरुको एउटा समूह र सुनका गरगहना तथा मोबाइल चोर्ने चोरहरूको अर्को समूहले अघोषित ठेक्का लिने गरेका छन् । समाचार स्रोतका अनुसार, जिल्ला प्रहरी कार्यालय बाराको घुमुवा टोलीसँगको सेटिङमा यी दुई समूहले चोरी तथा पकेटमारीको ठेक्कापट्टा खरिदबिक्री गरिसकेका छन् । प्रतिसमूह ५ देखि १० लाख रुपैयाँ प्रहरीको घुमुवा टोलीलाई बुझाएपछि उनीहरू निर्बाधरुपमा मेलामा घुम्ने र चोरी तथा पकेटमारी गर्ने छुट पाउँछन् । तीन हजार प्रहरी परिचालन भए पनि ठाउँठाउँमा प्रहरीका चेकिङ पोइन्ट र गस्ती भइरहे पनि यदि ठेक्का पाएको समूहले चोरी वा पकेटमारी गरेमा प्रहरीले थाहा नपाए जस्तो गर्ने गरेको प्रहरीको एउटा स्रोतले दावी गरेको छ ।

अझ रोचक कुरा त के छ भने मेलामा प्रहरीसँग सेटिङ गरेको चोर समूह बाहेक अरु चोर वा पकेटमार समूह त्यहाँ छिर्न र घुम्नसमेत पाउँदैनन् । पटके र व्यावसायिक चोरहरूको समूह भएकाले प्रहरीले सबैलाई चिन्ने भएकाले पनि ठेक्का हात पारको समूहबाहेक अरूको त्यहाँ केही नचल्ने गरेको बताइन्छ । यदि चोरेको वा पकेट मारेको प्रहरीले थाहा पाइहाल्यो वा पक्राउ गर्यो भने देखाउनकै लागि प्रहरीले एक दुई झापड हानेर धपाउने तथा अलि ठूलो चोरी भएकोमा हल्ला भयो भने प्रहरीले चोरहरू माथि चोरी, लुटपाटको कडा मुद्दा नलगाइ सामान्य प्रकृतिका अभद्र व्यवहारको मात्र मुद्दा चलाउने गरेको स्रोतले दावी गरेको छ ।

समाचार स्रोतका अनुसार प्रहरीको सिभिल टोलीलाई पहिल्यै ५ देखि १० लाख प्रिपेड बुझाएर ठेक्का लिने चोरहरूको समूहले मेलामा आउने भक्तजनका पकेट, मोबाइल र गरगहना रित्तो पार्ने गरेका छन् । त्यसरी सुनका गरगहना चोर्ने पारङ्गत चोर समूहलाई सुनचाँदी बिक्री गर्ने सोनारहरुले लगानी लगाउने गरेको रहस्य पनि स्रोतले बताएको छ । चोरी गरेका गरगहना चोर समूहले तिनै लगानीकर्तालाई सस्तो भाउमा बिक्री गर्ने गरेका छन् ।

बारामा जिल्ला एसपीको घुमुवाको रुपमा प्रहरी सहायक हबल्दार धिरज पटेल लामो समयदेखि कार्यरत छन् । मोटरसाइकल गस्तीका नाममा असुली धन्दा गर्ने अर्को वरिष्ठ हबल्दार विनोद साह खटिएको स्रोतको भनाइ छ । यतिबेला यो घुमुवा टोलीको अर्को धन्दामा भारतीय भक्तजनले सीमा पारीबाट पशुबलीका लागि ल्याइएका राँगा, बोकाको नेपाल भित्रएवापत मोटो रकम असुल्नु पनि रहेको बताइन्छ ।

यता, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक (डिएसपी) एवम् प्रवक्ता प्रकाश सापकोटा अहिलेको आधुनिक एवम् प्रविधिको युगमा प्रहरीसँग चोरहरूको सेटिङ हुनै नसक्ने बताउँछन् । सिस्टम नै फेल खाने गरी खचाखच बढेको भक्तजनको घुइँचोका कारण चोरी तथा पकेटमारी पूर्ण नियन्त्रण गर्न कठिनाई भइरहेको जनाउँदै अहिलेसम्म एक सय भन्दा बढी चोर तथा पकेटमार पक्राउ गरिसकेको उनले जानकारी दिए । डिएसपी सापकोटाले मेलामा चोरी वा पकेट मार्ने नियतले एक हजार भन्दा बढी संख्यामा स्थानीय भाषामा 'टाइ' भनिने चोर–पकेटमारा आउने गरेको जानकारी दिँदै प्रहरीलाई शंका लागेर पक्राउ गरी अनुसन्धान गरिएको बताए ।

## वीरगंज–अयोध्या भगिनी सम्बन्ध विस्तारको पहल




**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको उत्तर प्रदेशस्थित अयोध्या नगर निगमसँग भगिनी सम्बन्ध विस्तार गर्न वीरगंज महानगरपालिकाले पहल शुरु गरेको छ । विवाहपञ्चमीमा सहभागी हुन भारतबाट जनकपुर आएका अयोध्या नगर निगमका मेयर गिरीश पति त्रिपाठीलाई वीरगंजमा स्वागत गर्दै महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सम्बन्ध विस्तारको पहल गरेका हुन् ।

विवाहपञ्चमीमा सहभागी हुन आएका मेयर त्रिपाठी नगर प्रमुख सिंहको आमन्त्रणमा वीरगंज आएका थिए । महानगरपालिकाभित्रका सैयौँ वर्ष पुराना मठ मन्दिर तथा पर्यटकीय स्थलबारे भारतमा खासै जानकारी नभएको र यहाँ भएको धार्मिक पर्यटनस्थलबारे मेयर त्रिपाठीलाई जानकारी गराई धार्मिक पर्यटनलाई अभिवृद्धि गर्ने प्रयास गरिएको नगर प्रमुख सिंहले जानकारी दिए ।

उनले महानगरपालिकाले थालनी गरेको वैभव वीरगंजको अभियान अन्तर्गत यस भेगमा धार्मिक तथा पर्यटकीयस्तरको प्रचारप्रसारलाई अभिवृद्धि गरी भारतीय पर्यटकलाई वीरगंज भित्र्याउन मेयर त्रिपाठीलाई वीरगंज आमन्त्रण गरिएको बताए । अयोध्या नगर निगम र वीरगंज महानगरपालिकाबीच भगिनी सम्बन्ध विस्तार गर्न आवश्यक कानुनी प्रकृया पूरा गरी चाँडै औपचारिक कार्यक्रममार्फत घोषणा गरिने अयोध्याका मेयर त्रिपाठीसँग छलफल भएको नगर प्रमुख सिंहले जानकारी दिए ।

वीरगंज आएका मेयर त्रिपाठीसहितको टोलीलाई वीरगंजको प्रसिद्ध पर्यटकीय स्थल घडिअर्वा पोखरी, शंखराचार्यव्दार, राम जानकी मन्दिरलगायतका स्थान अवलोकन भ्रमण महानगरपालिकाले गराएको थियो ।

# महिला हिंसाका घटना न्यूनीकरणका लागि व्यापक जनचेतना आवश्यक

**काठमाडौं ।**
सरोकार भएकाहरूले महिला हिंसा उन्मूलन गर्नुपर्नेमा जोड दिएका छन् । महिला हिंसाविरुद्धको आज १६ दिने अभियानका अवसरमा आज नेपाल टे«ड युनियन कांग्रेस केन्द्रीय महिला समितिले आयोजना गरेको अन्तरक्रियामा वक्ताहरूले अझै महिला हिंसाका घटना न्यूनीकरण हुन नसकेका भन्दै यसका लागि व्यापक जनचेतना आवश्यक रहेकामा जोड दिएका थिए ।

कार्यक्रममा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य पुष्पा भुसालले कार्यस्थलमा यौनजन्य हिंसा हुने गरे पनि रोजगारी गुम्ने डरले पीडितले प्रतिवाद गर्न नसकेको धारणा राखिन् । 'साथै कानूनी सजाय निकै न्यून रहेकाकाले पनि कतिपय पीडितहरू उजुरी दिन पनि जाँदैनन् ।

कानूनी व्यवस्था राम्रो भए पनि कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन । यसर्थ हिंसा उन्मूलनका लागि कानूनी व्यवस्था कडाइका साथ पालना र कार्यान्वयनमा जोड दिनुपर्छ,' उनले भने ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले महिलामाथि हुने विभिन्न किसिमका हिंसा उन्मूलनका लागि युनियनले सबै स्थानीय तहमा सञ्जाल विस्तार गर्न र सचेतना अभिवृद्धिका लागि पहल गरिरहेको बताए । 'हामीले महिला सेल राखेर काम गरिरहेका छौँ । लैङ्गिक हिंसाको मुद्दा युनियनको पनि हो,' उनले भने, 'महिलामाथि भएका हिंसा उन्मूलनका लागि हाम्रो तर्फबाट पनि सरकारलाई दबाब सिर्जना गर्ने गरेका छौँ ।'

नेपाल प्रहरी प्रधान कार्यालयकी प्रहरी नायब उपरीक्षक रुपा थापाले लैङ्गिक, घरेलु, सामाजिक, विद्युतीय हिंसालगायत घटनाबाट महिलाहरू पीडित भए पनि सबै जना प्रहरीकहाँ उजुरी दिन नआउने गरेको बताइन् ।

उनले उजुरी गर्न आएका महिलाका सम्बन्धमा समयमै न्या निरोपणका लागि प्रहरी प्रशासन लागि परेको बताइन् ।

अधिकांश महिला आफन्त र चिनेजानेकै मानिसबाट हिंसामा पर्ने गरेको उनको भनाइ थियो । यसैगरी, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) की प्रतिनिधि कृपा बस्नेतले श्रम क्षेत्रमा पनि महिला हिंसाका घटना भइरहेको भन्दै न्यूनीकरणका लागि आइएलओ कन्भेन्सन नं १९० मा भएको व्यवस्था कार्यान्वयन गर्न आवश्यक रहेको बताइन् । रासस

# मानव अधिकारको परिपालना गर्नु सबैको दायित्वः दाहाल

**ललितपुर ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले मानव अधिकारको मानव अधिकारको परिपालना गर्नु राज्य र हरेक व्यक्तिको दायित्व भएको बताएका छन् ।



७६ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आइतबारदेखि ललितपुरको जावलाखेलमा शुरु भएको १६औँ मानवअधिकार राष्ट्रिय महाभेला २०८१ को उद्घाटन गर्दै अध्यक्ष दाहालले राज्यले मानव अधिकारको सुनिश्चितता र हरेक व्यक्तिले त्यसको परिपालना गर्नुपर्ने बताए । 'मानवअधिकार रक्षाको विषय समग्र सीमान्तकृत समुदाय, बहिष्करणमा परेका वर्ग र समुदायको संरक्षण तथा संवर्द्धनको पक्षमा उभिनु हो । यसको संरक्षण तथा संवर्द्धनका काम गर्नु हरेकको साझा दायित्व हो,' उनले भने । अध्यक्ष दाहालले राज्य र राज्यका हरेक निकायले विपन्न र सीमान्तीकृत समुदायको मानव अधिकारको रक्षाको विषयमा प्रतिबद्ध हुनुपर्ने धारणासमेत राखे ।

'मानव अधिकारको कुरा गर्दा सीमान्तकृत नागरिकमैत्री भएर छलफल हुनु जरूरी छ । समान अवसर र समानुपातिक न्यायका लागि अधिकार संरक्षणमा बाधक भएका नीति नियम परिवर्तन गर्न जरूरी छ । यस्तै समाजलाई समतामूलक बनाउनु हामी सबैको दायित्व हो,' उनको भनाइ थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सीमान्तकृत समुदायका लागि राष्ट्रिय मानव अधिकार आयोगले काम गरिरहेको बताए । उनले मानव अधिकारका विषयमा अध्ययन प्रतिवेदनसहित सरकारमा पेस गरिए पनि त्यसको कार्यान्वयन फितलो रहेको बताए ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले मानवअधिकार रक्षा राज्यको मात्रै दायित्व नभई प्रत्येक व्यक्तिको दायित्व भएकामा ध्यानाकर्षण गराइन् । महिला अधिकार राज्य पक्षभन्दा गैरराज्य पक्षबाट बढी हनन भइरहेकाले यसलाई रोक्न राज्यले कडाइका साथ दण्डित गर्नुपर्नेमा जोड दिइन् ।

आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले मानव अधिकारका सन्दर्भमा संविधानमा गरिएको विशिष्टीकृत व्यवस्था इमानदारीपूर्वक पालना गर्न सम्बद्ध निकायलाई आग्रह गरे । राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा र थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले नेपाल सरकारले विभिन्न समयमा हरवाचरवा र कमैया राख्ने प्रथाको अन्त्य गरेको भए पनि आधारभूत आवश्यकता पूरा गर्न नसकेकाले यो प्रथा कायमै रहेको धारणा राखे । उनीहरूले सीमान्तीकृत समुदाय विस्थापित हुने अवस्थामा रहेकाले तत्काल व्यवस्थापनका लागि सरकारको ध्यानाकर्ष गराए ।

राष्ट्रियसभा सदस्य भुवन सुनारले ऐन कानून निर्माणका क्रममा सीमान्तकृत समुदायको आवाजलाई समावेश गरेर हकअधिकार स्थापित गर्न पहल गर्ने बताए ।

एफएचआई ३६० का नेपाल निर्देशक भगवान श्रेष्ठ, गैरसरकारी संस्था महासङ्घका उपाध्यक्ष भावना भट्ट, महाभेला २०८१ का सहसंयोजक दीपक सोनी, महाभेलाका पूर्वसंयोजक नरेन खतिवडालगायतले शक्ति राष्ट्रहरूले लडाइँ र युद्धका घटना निम्त्याएर मानवअधिकारको हनन गरेको बताए । उनीहरूले मानवअधिकार कागजमा लेखिने मात्रै नभई व्यावहारिक कार्यान्वयनमा आउनुपर्ने, सीमान्तकृत समुदायको मानवअधिकारको रक्षा गरिनुपर्नेमा जोड दिए ।

मानवअधिकार राष्ट्रिय महाभेलाका संस्थापक संयोजक चरण प्रसाईंले सबै संस्थाका मानव अधिकारवादीहरूलाई एकताबद्ध भएर दिवस मनाउन महाभेलाको शुरुआत गरिएको बताए । उनले महाभेला आयोजना गरेर मानवअधिकार क्षेत्रमा काम गर्ने मानिसहरूको पहिचान गराउन पहल गरेको बताए । मानवअधिकार महाभेलामा चार दशकदेखि महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत साहित्यकार तथा समाजसेवी दुर्गा घिमिरेलाई पुरस्कृत गरिएको थियो । उनले सामाजिक क्षेत्रमा ३५ भन्दा बढी देशहरूमा भ्रमण गरी कार्यपत्र प्रस्तुत गरेको जानकारी गराइएको थियो ।

त्यस्तै, २०६३ सालदेखि दलित महिला मानवअधिकारका क्षेत्रमा क्रियाशील किस्मतीदेवी रामलाई शान्तलक्ष्मी श्रेष्ठ महिला मानवअधिकार पुरस्कार प्रदान गरिएको छ । पुरस्कारको राशि ३० हजार रुपैयाँ रहेको छ । रासस

# अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु नेपालमे

**काठमाण्डू ।**
सयुक्त राज्य अमेरिकाक दक्षिण तथा मध्य एसियाक सहायक विदेशमन्त्री डोनाल्ड लु आइ नेपाल भ्रमणमे आएल छैथ ।

अपन दक्षिण एशिया भ्रमणक क्रममे नेपाल सरकारक नेतृत्वकर्तासभसङ शिष्टाचार भेट आ नागरिक समाजसङ हुनकर बातचित होबाक बात अइ ठाँमस्थित अमेरिकी दूतावास जनौलक अइछ ।

हुनक ई भ्रमण अमेरिका–नेपाल सम्बन्धकेँ मजबुत बनेबाक आ वातावरणीय सुरक्षा, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण आ टिकाउ विकाशजकाँ क्षेत्रमे दू देशबीचक सहकार्यकेँ आगु बढ़ेबामे सहायक होबाक बतौलैन अइछ ।

# प्रधानमन्त्री ओली गृह जिला झापामे

**झापा ।**
प्रधानमन्त्री केपी शर्मा ओली गृह जिला झापा आएल छैथ ।

विभिन्न कार्यक्रममे सहभागी होबाक क्रममे झापा आएल प्रम ओलीकेँ चन्द्रगढी विमानस्थलमे कोशी प्रदेशक पूर्वमुख्यमन्त्री तथा नेकपा (एमाले) स्थायी कमिटी सदस्य शेरधन राई, एमालेक कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवाडलगायत स्वागत केलैन ।

ओ आइए मेचीनगर नगरपालिका–४ मे १९म् शाखाक रुपमे स्थापना कएल गेल मानवसेवा आश्रम आ दमक नगरपालिका–३ दापगाछीमे नवनिर्मित दमक व्यावसायिक कम्प्लेक्सके उद्घाटन करबाक कार्यक्रम रहल प्रमुख जिला अधिकारी बन्धुप्रसाद बास्तोला जानकारी देलैन ।

प्रजिअ बाँस्तोलाक अनुसार व्यावसायिक कम्प्लेक्स उद्घाटन कार्यक्रममे उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह आ खानेपानी मन्त्री प्रदीप यादवसेहो सहभागी होबाक कार्यक्रम अइछ ।

# एनपिएलः जनकपुरके लगातार चारिम जीत

**काठमाण्डू ।**
पहिल संस्करणके सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामे जनकपुर बोल्ट्स लुम्बिनी लायन्सकेँ एक रन स पराजित केलक अइछ । प्रतियोगितामे जनकपुरको ई लगातार चारिम जीत छी । अइसँ पहिने जनकपुर विराटनगर, कर्णाली आ पोखराकेँ पराजित केने छल ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमे आइ भेल खेलमे जनकपुर एक सओ ३७ रनक लक्ष्य देने छल । लुम्बिनी लायन्स २० ओभरमे आठ विकेटक क्षतिमे एक सओ ३५ रन बना सकल ।

लुम्बिनीक लेल कप्तान रोहितकुमार पौडेल ३८ बल खेलैत तीन चौकाक सहयोगमे ३५ रन बनेलैथ । तहिना टम मुर्स ३१ तथा सन्दीप जोरा १६ रन बाहेक अन्य खेलाडी खासे रन नै बना सकलैथ । खेलक अन्तिम बलमे जीतक लेल दू रन आवश्यक छलै, जे हर्ष ठाकेरद्वारा सन्दीप जोराकेँ आउट केलाक बाद जनकपुर जीतल अइछ ।

जनकपुरक लेल हर्ष सर्वाधिक पाँच विकेट लेलैथ। किशार महतो, शेर मल्ल आ ललित राजवंशी समान एक–एक विकेट लेलैन । अइसँ पहिने टस हाइर पहिने ब्याटिङ केने जनकपुर निर्धारित २० ओभरमे नओ विकेटक क्षतिमे एक सओ ३६ रन तैयार केने छल । जनकपुरक लेल कप्तान अनिल साह सर्वाधिक ४५ रन, लाहिरु मिलन्था २३ बलमे २४ रन , शुभ कंसाकर २४ बलमे अविजित २२ रन बनेलैथ । पहिल विकेटक रुपमे जनकपुरक ओपनर तथा मार्की खेलाडी आसिफ शेख १० बलमे १६ रन बनाबैत आउट भेल छलैथ ।

लुम्बिनीक लेल अभिषेक गौतम तीन विकेट लेलैन त कप्तान रोहित कुमार पौडेल आ साद विन जाफर समान दू–दू विकेट लेलैन । तहिना सन्दीप जोरा एक विकेट लेलैन ।

लुम्बिनीक ई लगातार चारिम हार छी । अइसँ पहिने लुम्बिनी विराटनगर किङ्ग्स, पोखरा एभेन्जर्स आ सुदुरपश्चिम रोयल्ससँ पराजित भेल छल ।




# लालबन्दीक तीन विद्यार्थी बनेलक इभी ट्र्याक्टर

**सर्लाही ।**
कक्षा ११ आ १२ पइढ रहल तीन विद्यार्थी मिल क विद्युतीय ट्र्याक्टर निर्माण केलक अइछ । लालबन्दी नगरपालिका–९ बस्तीपुरस्थित आइडियल कोएड एकेडेमीके छात्र विद्युतीय ट्र्याक्टर निर्माण केने छैथ ।

१२ कक्षामे अध्ययनरत पल्लव कौशिक, नवराज बस्नेत आ आशिष महतोद्वारा विद्यालयक सहयोगमे ब्याट्रीसँ चलैबला ट्र्याक्टर निर्माण कएल गेल प्रधानाध्यापक राजु पञ्जियार जानकारी देलैन । ओइ ट्र्याक्टरसँ किसान खेतीपातीमे नीक सुविधा ल सकबाक विद्यालयक विज्ञान शिक्षक सविन चौधरीक कहब अइछ । ओइ इभी ट्र्याक्टरमे १२ भोल्टेज एक सओ ५० एम्पिएरके चाइरटा ब्याट्री प्रयोग कएल गेल इलेक्ट्रिक पक्षमे काज केने छात्र आशिष चौधरी बतौलेन। तीन पहिया ट्र्याक्टरमे ट्रली आ रोटाभेटर जडान कएल गेल अइछ ।

ट्र्याक्टरमे ट्रलीक सामान हाइड्रोलिकके सहायता खोलबाक सुविधा सेहो छै । 'रोडाभेटर बहुत उच्च गुणस्तरके रहलासँ बढियासँ जोतबा ल मिलत,' छात्र पल्लव कौशिक कहलैथ, 'कम खेत भेल किसानक लेल जोतए, कमाबए तथा सामान्य बालीनाली खेतसँ बजारधैर पहुँचेबाक सुविधा हएत ।'

विज्ञान तथा प्रविधिमे बहुते मोन लगा क पढनिहार छात्रसभके अन्तरनिहीत क्षमता बाहर अनबाके उद्देश्यसहित इभी निर्माणमे प्रोत्साहन कएल गेल प्रधानाध्यापक पञ्जियार बतौलैन । 'कनियो टा हौसला स ओ सभ पैघ क्षमता प्रदर्शन केलक अइछ,' ओ कहलैन, 'राष्ट्रिय आविष्कार केन्द्रक प्रमुख वैज्ञानिक महावीर पुन सेहो छात्रकेँ सामानसहित आइन क आओर स्तरीय बनेबाक आ व्यावसायिक बनेबाक प्रतिबद्धता व्यक्त केलैन अइछ ।'

छात्रसभ मङ्गलदिन आ बुधदिन बलरा नगरपालिका–४ गडहिया डुमरियामे भेल दूदिनक जिलास्तरीय विज्ञान प्रदर्शनीमे ओइ ट्र्याक्टरकेँ प्रदर्शन केने छलैथ । आधुनिक प्रविधिक प्रयोगसँ निर्माण कएल गेल अइ व्यावसायिक सफलता मिलबाक छात्रसभके दाबी अइछ । कवाडीमे फेकल मोटरसाइकलक पाटर्ृस, विभिन्न साइजक लोहा आ काठसँ निर्माण कएल गेल एहि विद्युतीय ट्र्याक्टर निर्माणमे एक लाख १५ हजार टका स बेसी खर्च भेल अइछ । हमरासभहक लेल ई पैघ सिख भेल कहैत आगामी दिनमे बनैबला ट्र्याक्टर कम दाममे निर्माण सम्पन्न होबाक छात्र बस्नेत कहलैन ।

निर्माण कएल विद्युतीय ट्र्याक्टर चला क देखला पर अभिभावक तथा शिक्षक शिक्षिका खुशी भेल छलैथ । इन्धनके रूपमे ब्याट्रीक प्रयोग वातावरणीय हिसाब उपयुक्त रहल तथा एकबेर चार्जमे एक सओ ९० किलोमिटर धैर चलत। डिजल, पेट्रोलके तुलनामे खर्च कम होबाक छात्रसभके दाबी अइछ । एहिमे एकबेरमे ६ क्विन्टल सामान लाधबाक क्षमता रहल हुनकासभक कहब छैन । रासस

# थप दू क्रिकेट खेलाडीकेँ तलब भेटत



**बैतडी ।**
सुदुरपश्चिम प्रदेशक आओर दू खेलाडीकेँ मासिक रूपमे तलब देल जाएत । सुदुरपश्चिम प्रादेशिक क्रिकेट सङ्घ प्रदेशसँ नियमित रूपमे राष्ट्रिय प्रतियोगिता खेल रहल एक महिला आ एक पुरुष खेलाडीकेँ मासिक १५ हजारक दरसँ प्रोत्साहन टका देबाक भेल अइछ ।

मासिक रूपमे प्रोत्साहन रकम बैतडीक दीपक बोहरा आ बझाङक अनु कडायतकेँ मिलबाक सुदुरपश्चिम प्रादेशिक क्रिकेट सङ्घके अध्यक्ष वासुदेव जोशी जानकारी देलैन । एमबी ग्रुप डडेल्धुराके प्रायोजनमे दूनु खेलाडीके मासिक रूपमे प्रोत्साहन रकम देल जाएत । इएह अगहन १ गतेसँ लागू होबाक हिसाबेँ दुनु खेलाडीकेँ मासिक रूपमे प्रोत्साहन रकम देबाक प्रायोजन सम्झौतासँ भेल ओ बतौलैन ।

सम्झौता अनुसार एमबी ग्रुप एक वर्षधैर दीपक आ अनुकेँ मासिक रूपमे १५ हजार टकाक दर स प्रोत्साहन रकम प्रदान करत । दीपक आ अनु सुदुरपश्चिमसँ राष्ट्रिय प्रतियोगिता खेलबाकसङे उमेर समूहक अन्तर्राष्ट्रिय प्रतियोगितामे सेहो नेपाली राष्ट्रिय टोलीसँ खेल चुकल छैथ ।

'प्रादेशिक क्रिकेट सङ्घ निकट भविष्यमे अन्य खेलाडीकेँ सेहो प्रोत्साहन भत्ता देबाक तैयारी केलक अइछ,' अध्यक्ष जोशी कहलैथ। अइसँ पहिने नेपाल क्रिकेट सङ्घ (क्यान)सँ मासिक रूपमे सुदुरपश्चिम प्रदेशक पाँच खेलाडी प्रोत्साहन रकमके लेल छनोट भेल छलैथ । सुदुरपश्चिम प्रादेशिक क्रिकेट सङ्घ तीन पुरुष आ दू महिला खेलाडीकेँ छनोट कएल अइछ । छनोट होएबलामे पुरुष खेलाडीमे खडक बोहरा, किरन ठगुन्ना आ शेर मल्ल तथा महिला खेलाडीमे सावित्री धामी आ स्नेहा महरा छैथ ।

# उद्योगी–व्यवसायीसँग सुझाव सङ्कलन




**मधेशदृष्टि**
**वीरगंज ।**
उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले वीरगंजका उद्योगी तथा व्यवसायीसँग अर्थतन्त्र सुधारका लागि आवश्यक सुझाव सङ्कलन गरेको छ । आयोगले आइतबार आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी तथा व्यवसायीको सुझाव लिएको हो । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका संयोजक रामेश्वर खनालले अहिलेको अर्थतन्त्रमा देखिएका समस्याहरुको पहिचान गरेर सुधार गर्नका लागि सुझाव सङ्कलनको कार्य गरिरहेको जानकारी दिए । 'आयोगको गठन भएपछि यहाँका उद्योगी–व्यवसायीले भोगिरहेका समस्याका विषयमा आवश्यक सुझाव लिनका लागि आएका हौँ', उनले भने, 'यहाँका उद्योगी व्यवसायीले दिएको सुझावलाई प्रतिवेदनमा समावेश गरेर सुधारको आवश्यक रणनीति अघि बढ्नेछ ।' पूर्वअर्थसचिव समेत रहनुभएका खनालले नेपालले २०४८ सालपछि एक पटक आर्थिक सुधारमा निकै राम्रो फड्को मारेको बताए । 'विसं २०४७ सालमा प्रजातन्त्र पुनःस्थापना भएसँगै नेपालको अर्थतन्त्रले फड्को मारेको थियो', उनले भने, 'अर्थतन्त्रका देखिएका समस्यालाई मध्यनजर गर्दै समाधान गर्नका लागि सुझाव सङ्कलन कार्यक्रमले ठूलो अर्थ राख्नेछ ।' वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले आर्थिक मन्दीको कारणले मुलुकको अर्थतन्त्रमा समस्या आएकाले उद्योगी व्यवसायी धरासायी हुने अवस्थामा पुगेको गुनासो गरे । 'भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी)लागू गरेपनि नेपाल सरकारले मान्यता नदिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन्', उनले भने, 'नेपाल–भारत खुला सीमाक्षेत्रको कारणले अवैध व्यापार रोकिएको छैन । त्यसलाई नीतिगत रुपमा सुधार गर्न आवश्यक भइसकेको छ ।' मन्त्रिपरिषद्को गत असोजमा बसेको बैठकले पूर्वअर्थसचिव खनालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरेको थियो । आयोगका सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवाली, अर्थविद् डा विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा कल्पना खनाल रहेका छन् । गत मङ्सिर ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोगमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप सदस्यमा राखेको थियो । रासस

# लालबन्दीका तीन छात्र मिलेर इभी ट्र्याक्टर बनाए




**मधेशदृष्टि**
**सर्लाही ।**
कक्षा ११ र १२ पढ्दै गरेका तीन छात्रले मिलेर विद्युतीय ट्र्याक्टर निर्माण गरेका छन् । लालबन्दी नगरपालिका–९ बस्तीपुरस्थित आइडियल कोएड एकेडेमीका छात्रले विद्युतीय ट्र्याक्टर निर्माण गरेका हुन् । विद्यालयको १२ कक्षामा अध्ययनरत पल्लव कौशिक, नवराज बस्नेत र आशिष महतोले विद्यालयको सहयोगमा ब्याट्रीबाट चल्ने ट्र्याक्टर निर्माण गरेका प्रधानाध्यापक राजु पञ्जियारले जानकारी दिए । उक्त ट्र्याक्टरबाट साना किसानले खेतीपातीमा राम्रो सुविधा लिन सक्ने विद्यालयका विज्ञान शिक्षक सविन चौधरीको भनाइ छ । उक्त इभी ट्र्याक्टरमा १२ भोल्टेज एक सय ५० एम्पिएरको चारवटा ब्याट्री प्रयोग गरिएको इलेक्ट्रिक पाटो सम्हालेका छात्र आशिष चौधरीले बताए । तीन पाङ्ग्रे ट्र्याक्टरमा सामान बोक्ने ट्रली र खेत जोत्न रोटाभेटर जडान गरिएको छ ।

ट्र्याक्टरमा ट्रलीको सामान हाइड्रोलिकको सहायताले खन्याउने सुविधा पनि छ । 'रोडाभेटर समेत निकै उच्च गुणस्तरको रहेकाले खेत राम्रोसँग जोत्न मिल्छ', छात्र पल्लव कौशिकले भने, 'थोरै खेत भएका साना किसानका लागि जोत्न, गोडमेल गर्न तथा सामान्य बालीनाली खेतबाट बजारसम्म लैजान सुविधा हुन्छ ।'

विज्ञान तथा प्रविधिमा निकै चाख मानेर पढ्ने छात्रहरूको अन्तरनिहीत क्षमता बाहिर ल्याउने उद्देश्यसहित इभी निर्माणमा प्रोत्साहन गरिएको प्रधानाध्यापक पञ्जियारले बताए । 'सानो हौसलाले उनीहरूले ठूलो क्षमता प्रदर्शन गरेका छन्', उनले भने, 'राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख वैज्ञानिक महावीर पुनले समेत छात्रलाई सामानसहित लगेर थप स्तरीय बनाउने र व्यावसायिक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।' छात्रहरूले गत मङ्गलबार र बुधबार बलरा नगरपालिका–४ गडहिया डुमरियामा भएको दुईदिने जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा उक्त ट्र्याक्टर प्रदर्शन गरेका थिए । आधुनिक प्रविधिको प्रयोगबाट निर्माण गरिएकाले यसले व्यावसायिक सफलता पाउने छात्रहरूको दाबी छ । अहिलेलाई क्षमता प्रदर्शनको माध्यम भए पनि नयाँ कुराको आविष्कार रुचिको विषय भएको छात्र कौशिक बताउँछन् ।

कवाडीमा फालिएका मोटरसाइकलका पाटर्ुस, विभिन्न साइजका फलामका टुक्रा र काठको प्रयोग गरेर निर्माण गरिएको यस विद्युतीय ट्र्याक्टर निर्माणमा एक लाख १५ हजार रुपैयाँ बढी खर्च भएको छ । आफूहरुको लागि यो निकै ठूलो सिकाइ भएको भन्दै आगामी दिनमा बन्ने ट्र्याक्टर अझै कम मूल्यमा निर्माण सम्पन्न हुने छात्र बस्नेत बताउँछन् । 'हामीले नजानेर केही सामान नास भए, केही बिग्रिए, यसले गर्दा यसमा केही खर्च बढेको छ', उनले भने, 'अन्य सामानको परिमाणले समेत थप लागत कम हुने अपेक्षा गरेका छौँ ।' यसले गर्दा सामान्यभन्दा सामान्य किसानका लागि यो उपयोगी बन्नेमा आफूहरू ढुक्क रहेको छात्र महतोले बताए । छात्रहरूको मेहनत र क्षमतालाई उनीहरूको चाहनाअनुसार नै थप परिस्कृत गर्ने योजना रहेको विद्यालयले जनाएको छ । निर्माण गरेको विद्युतीय ट्र्याक्टर गुडाएर देखाउँदा अभिभावक तथा शिक्षक शिक्षिकाले खुसी व्यक्त गरेका थिए । इन्धनको रूपमा ब्याट्रीको प्रयोग वातावरणीय हिसाबले उपयुक्त रहेको तथा एकपटक चार्ज गर्दा एक सय ९० किलोमिटरसम्म गुड्ने यसले डिजल, पेट्रोलको दाँजोमा खर्च कम हुने छात्रहरूको दाबी छ । यसमा एकपटकमा ६ क्विन्टलसम्म सामान बोकेर सहजै गुड्ने क्षमता रहेको उनीहरू बताउँछन् । रासस

# मलको कालोबजारी भएपछि किसानलाई कठिनाइ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा रासायनिक मलको कालोबजारी भएपछि किसानहरू कठिनाइमा परेका छन् । गहुँको बीउ छर्न मलखाद्यको आवश्यकता परेको बेला अहिले जिल्लाको ग्रामीण क्षेत्रका बजारहरूमा युरिया र डीएपी मलको कालोबजारी बढेको हो । जिल्लाको माधवनारायण, गढीमाई लगायतका अधिकांश पालिकाहरूमा तोकिएको भन्दा बढी मूल्यमा रासायनिक मल बिक्री भइरहेको छ । ग्रामीण बजारका केही व्यापारीले एक हजार रुपैयाँ पर्ने युरिया मल १२ सय देखि १४ सय सम्ममा बिक्री गरिरहेको किसानहरूले गुनासो गरेका छन् । त्यस्तै २ हजार ५ सय पर्ने डीएपी ३ हजार ४ सयदेखि ३ हजार ५ सय सममा बिक्री भइरहेको माधवनारायण नगरपालिका ६ का किसान किसुन राय यादवले बताए । किसानको मागअनुसार युरिया र डीएपी मल उपलब्ध हुन सकेको छैन तर कतिपय व्यापारीले लुकिछिपी कालोबजारी गरिरहेको कारण आफूहरू कठिनाइमा परेको किसान यादवले दुखेसो पोख्छन् । हाल रासायनिक मलखादको अवस्था बारे नियमनकारी निकाय वा जिल्ला प्रशासन कार्यालय रौतहटले बजार अनुगमन गरी कालोबजारी गर्ने व्यापारीलाई कारबाहीको दायरामा ल्याउनु पर्ने किसानहरूले माग गरेका छन् । हाल गहुँ खेती गर्ने मुख्य सिजनमा पनि स्थानीय निकायले किसानलाई सहज रूपमा मल उपलब्ध गराउन चासो नलिएको किसानहरूले गुनासो गरेका छन् । स्थानीय सरकारबाट कैयौँ सङ्घ संस्थाले किसानलाई सहज रूपमा मल उपलब्ध गराउन अनुदानमा लिएका छन् । तर अनुदानको मल किसानलाई नदिई बिचौलिया सँग बिक्री गर्ने गरेको कटहरिया १ का किसान रामबहादुर यादवको गुनासो रहेको छ । सरकारबाट विभिन्न कृषि सहकारी सङ्घ संस्थाले अनुदानमा पाएका मलखाद्य किसानलाई नदिई बढी मूल्यमा व्यापारीसँग बेच्ने गरेको उनको दाबी रहेको छ । व्यापारीहरूले चर्को मूल्यमा किसानलाई मलखाद्य बेच्ने गरेका कारण किसानहरू निकै मारमा परेका छन् । रौतहटका सीडिओ हिरालाल रेग्मीले मल र दैनिक उपभोग्य बस्तुको सामानमा कालोबजारी बारे छानबिन गर्ने र गलत गरेको पाइएमा कडा कारबाही गर्ने चेतावनी दिएका छन् ।

# मृत भेटिए अस्पतालका कर्मचारी

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा कार्यरत कर्मचारी मृत अवस्थामा भेटिएका छन् ।

जिल्ला खेलकुद विकाश समितिको कार्यालयको झ्यालमा ४० वर्षीय सुधीरकुमार झा मृत अवस्थामा भेटिएका हुन् ।

झ्यालमा झुन्डिएको अवस्थामा उनको शव फेला परेको सप्तरीका एसपी ढकेन्द्र खतिवडाले बताए । उनी अस्पतालमा टिकट काट्ने काम गर्दै आएका थिए । घटनाबारे अनुसन्धान भइरहेको एसपी खतिवडाले बताए ।


## राष्ट्रिय सहकारी बैंक लिमिटेडको
## २१ औं वार्षिक साधारण सभाको सूचना

मिति २०८१ कार्तिक २४ गते बसेको यस बैंकको सञ्चालक समितिको बैठकको निर्णयानुसार २१ औं वार्षिक साधारणसभा तपसिलमाउल्लिखितकार्यसूचीबमोजिम छलफल गरी निर्णय गर्नका लागि सहकारी संस्थाको साधारणसभा सम्बन्धीकार्य व्यवस्थानिर्देशिका २०७६ (संशोधनन सहित) र बैंकको विनियम २०५९ (संशोधन सहित) बमोजिम देहायकाउल्लिखितएकाईमा, निम्नबमोजिमको मिति, समय र स्थानमाहुने भएको हुँदा यस बैकका सम्पूर्ण सदस्य संघ/ संस्थाका प्रतिनिधिहरुलाई सञ्चालन गरिने साधारणसभाको बैठकमा सहभागीताको लागीहार्दिक अनुरोध छ ।

**साधारणसभाका कार्यसूचीहरू :**

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,
३. आ. व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ. व.२०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
५. आ. व.२०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
६. कार्यविधिहरू थप तथा संशोधन सम्बन्धमा,
७. कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा,
८. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा,
९. संस्थागत प्रतिनिधिहरुको जानकारी सम्बन्धमा,
१०. बैङ्कको नाममा कायम भएको जग्गा बिक्री सम्बन्धमा,
११. साधारणसभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने एवम् एकाइ प्रतिनिधिहरूको सभामा निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरूको चयन गर्ने सम्बन्धमा ।

**कार्यक्रम:**

| बैठक मिति | एकाइ | बैठक समय | एकाइको क्षेत्र | बैठक स्थान | एकाइ बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि सङ्ख्या | साधारणसभाको एकाइ बैठकका प्रतिनिधिहरूको (केन्द्रीय सभा) निर्णय प्रमाणित गर्न चयन हुने प्रतिनिधि सङ्ख्या |
|---|---|---|---|---|---|---|
| २०८१/०८/२९ | १ | बिहान ११:०० बजे | मधेश प्रदेश का सम्पूर्ण जिल्लाहरु | दीपक पार्टी प्यालेस एन्ड रिसोर्ट प्रा.लि., बर्दीबास-१, महोत्तरी | १७ | ६ |

**साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय)२०८१ पुस ३ गते बुधबार बिहान ११:०० बजे, काठमाण्डौं उपत्यकामा ।**

**साधारणसभा सम्बन्धी अन्य जानकारीहरू :**

१. साधारणसभा एकाइस्तरमा भौतिक रूपमा सञ्चालन हुनेछ । बैठकमा कार्यसूचीमा रहेका प्रतिवेदन एकाइ ३ मा भौतिक र अन्य एकाइमा भर्चुअल माध्यमबाट पेस हुनेछ । सम्पूर्ण एकाइहरूमा प्रस्तुत भएको समान कार्यसूचीमा भौतिक रूपमा उपस्थित उक्त एकाइका प्रतिनिधिहरूले छलफल गरी निर्णय गर्नुपर्नेछ ।
२. एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभाको बैठक हुने हलको जानकारी अर्को सूचनातथापत्रमार्फत गराइनेछ ।
३. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूले आ-आफ्नो सङ्घ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्रका साथै नेपाल सरकारद्वारा जारी गरेको फोटोसहितको आफ्नो परिचयपत्र साथमा लिएर साधारणसभामा उपस्थित हुनुपर्नेछ । हरेक सङ्घ/संस्थाले एक जना मात्र आधिकारिक प्रतिनिधि मनोनयन गरी पठाउनुपर्नेछ ।
४. साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरूको आवास तथा यातायात खर्च सम्बन्धित सङ्घ/संस्था आफैले व्यवस्था गर्नुपर्नेछ ।
५. थप जानकारीका लागि बैङ्कको टोल फ्री नम्बर १६६००१०२९९९, वेबसाइट(www.ncbl.coop), आधिकारिक सामाजिक सञ्जाल, केन्द्रीय कार्यालय पुल्चोक तथा बैङ्कका शाखा कार्यालयहरूमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

केन्द्रीयकार्यालय पुल्चोक, ललितपुर, फोन नं.: ०१-५१८०१८२ web www.ncbl.coop



## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**शाखा कार्यालय, विरगंज**

## धान कुटानी सम्बनधी गोप्य शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८१/०८/२४**

यस कार्यालयले हालसम्म खरिद गरेको र गर्दै जाने करिब ४२०००।०० क्विन्टल (३२०००।०० क्विन्टल सोना मसुली धान र १००००।०० क्विन्टल जिरा मसिनो धान) धान कुटानी गर्नु पर्ने भएकोले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दली दरभाउपत्र आह्वान गरिइएको छ।

**तपशिल**

१. कम्पनीको खरिद विभाग प्रधान कार्यालय काठमाण्डौ वा यस शाखा कार्यालय विरगंजबाट फिर्ता नहुने गरी रु. १०००।- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खयरद गर्न सकिनेछ। धरौटि वापत २.५ प्रतिशत नगद वा यस कम्पनीको नेपाल बैंक लिमिटेड श्रीपुर विरगंजमा रहेको व.हि.नं. ०४९००१००३१४७५००००००१ मा जम्मा गरि सोको सक्कलै भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कम्पनीको नाममा जारी भएको जमानत (Bid Bond) राख्नु पर्नेछ।
२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनुपर्ने चामल तथा बोराको गुणस्तर, चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ।
३. दरभाउपत्र दाताले कम्पनीले तोकेको न्यूनतम प्रतिलब्धी चालम र सम्पूर्ण कर सहितको अधिकतम कुटानी ज्याला कबोल गर्नुपर्नेछ।
४. धान कटौती गरिसकेपछि तोकिएको परिमाण चालम कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्नेछ।
५. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धि जानकारीमा उल्लेख भएको व्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफूलाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाब गरि कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धी (रिकभरी) चामल कबोल गर्नुपर्नेछ । दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्यूनतम प्रतिलब्धी प्रतिशतमा नघटने गरी चामल दिन कबुल गर्नु पर्नेछ।
६. यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१।०९।०८ गते सम्म दरभाउपत्र खरिद गरी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले रितपूर्वक सहि छाप तथा शिलबन्दी गरी १६ औं दिन अर्थात् मिति २०८१।०९।०९ गते दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ। समय नाघि आएको दरभाउपत्र स्विकार गरिनेछैन। पेश हुन आएका दरभाउपत्र सोहि दिन दिउँसो २:०० बजे यस कार्यालयमा खोलिनेछ। (दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा दिउँसो १२:०० बजेभित्र पेश गर्न सकिनेछ। पेश हुन आएका दरभाउपत्र सोहि दिन दिउँसो २:०० बजे यस कार्यालयमा खोलिनेछ।)
७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरि सम्झौता गर्नु पर्नेछ। निर्धारित समय भित्र सम्झौता गनृ नआएमा धरौटी रकम जफत हुने छ।
८. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीले तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहने छ। यस सम्बन्धित अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
९. दरभाउपत्रको साथ निम्नानुसारको कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
- फर्म वा कम्पनिको रुपमा दर्ता भएका धान कुटानी मिल दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर वा मूल्य अधिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आ.व. २०८०।०८१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि वा कर विवरण पेश गरी म्याद थप भएको कागजातको प्रतिलिपि।
- मिलको कुटानी क्षमता वार्षिक २०,०००।०० क्विगन्टल भन्दा बढी धान प्रशोधन गर्न सक्ने रहेको भनि सम्बन्धित सरकारी कार्यालय वा विभागबाट प्रमाणित कागजातको प्रतिलिपि।
- कार्य अनुभवको कागजातको प्रतिलिपि।
- खाद्य अनुज्ञापत्रको प्रतिलिपि।
- आफ्नो फर्म कुटानी सम्बन्धि काम गर्न अयोग्य नभएको र कालो सूचिमा नपरेको घोषणा पत्र।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.**
**शाखा कार्यालय, विरगंज।**
**फोन नं. ०५१-५२२८५५**

सम्पादकीय

# लामिछानेको मानवअधिकारले उब्जाएको प्रश्न

*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अब मानवअधकिार आयोग पुगेको छ । उसले आफ्ना सभापति रवि लामिछानेलाई सरकारले प्रतिशोधपूर्ण व्यवहार गरेको र मानवअधिकारसमेत हनन गरेको बताएको छ । पार्टीले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएर फेरि पनि अदालती प्रक्रियामा छानबिन भइरहेको विषयमा पनि आयोगलाई तानेर प्रभावित पार्न सकिन्छ कि भन्ने देखाएको छ । शुरुमा सडकमा, त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको घरमा, प्रधानमन्त्री निवासमा पुगेको रास्वपा अब आयोग पुगेर आफ्ना सभापतिको जिन्दगीमै प्रतिशोधपूर्ण व्यवहार भएको भन्दै गुहार लगाइरहेको छ । यतिसम्म कि, लामिछानेको जिउज्यानको सुरक्षा तथा मानवअधिकार रक्षा अब रास्वपाको मुद्दा बनेको छ । उनलाई हिरासतमा न्याय प्रदान गर्न गराउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष अपिल गर्नसमेत रास्वपाले भ्याएको छ । रास्वपाका कार्यबाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले आयोगमा निवेदन दिएपछि र मिडियामा यो खबर आएपछि रास्वपाको मुद्दा अब सडकबाट हिरासतभित्रै छिरेको छ ।*

*रास्वपाका अनुसार, लामिछानेको मौलिक अधिकार सुनिश्चितता, उनीविरुद्ध भएका मानवअधिकार हननका घटनाको सत्यतथ्यपूर्ण तथा निष्पक्ष छानबिन र घटनाका दोषीमाथि कानूनबमोजिम कारबाहीसमेत मागिएको छ । हिरासतमा लामिछानेमाथि प्रहरीले थर्ड डिग्री चलाएजस्तो अहिलेसम्म कतै गन्ध आएको छैन । जिल्ला प्रहरी कार्यालय पर्सामा त बयानका लागि बोलाइँदै गरिएको लामिछानेलाई उडुस्ले टोक्ला भनेर उडुस् मर्ने दबाइसमेत प्रहरीले किनेको अवस्था छ । यस्तो अवस्थामा अनुसन्धानलाई प्रभावित पार्ने गरी किन रास्वपा यो अवस्थामा पुग्यो, राजनीतिक वृत्तमा बहसको विषय बनेको छ । प्रहरीले अनुसन्धानका लागि हिरासतमा लिएको व्यक्तिमाथि अत्यधिक कुटपिट गर्नसक्ने अवस्था पनि छैन । यदि गरिहाले अदालतमा म्याद थप्ने बेला यो कुरा कतै न कतैबाट बाहिर आइहाल्छ । तर रास्वपाले लगाएको संगीन आरोपमा जिल्ला प्रहरी कार्यालय कास्की मौन छ । राज्यको न्यायिक पद्दति, कानूनी शासन र लोकतान्त्रिक मानवअधिकारको कुरा उठाउँदै रास्वपा मानवअधिकार आयोग पुगेपछि यो विषय अरु पेचिलो बनेको पक्का हो ।*

*प्रहरी अनुसन्धानमा रहेका लामिछानेलाई विभिन्न किसिमले मानसिक यातना दिनुका साथै मानवअधिकारसमेत हनन हुनेगरी राज्य संयन्त्रबाट अमानवीय, अपमानजनक तथा गैरन्यायिक व्यवहार हुँदै आएको रास्वपाको आरोप छ । रास्वपाले राज्य संयन्त्रद्वारा नियोजित रुपमा सञ्चारमाध्यम प्रयोग गरी लामिछानेलाई अपराधीका रुपमा प्रचारप्रसार र बदनाम गराउने प्रयत्न गरिरहेको पनि भनेको छ । यदि यसो हो भने रास्वपाका नाममा सडक र सामाजिक सञ्जालमा अरुमाथि भइरहेको चरम अपमानको हिस्सा रास्वपाले लिनु पर्छ कि पर्दैन ? अनुसन्धानक्रममा रहेका विषयका गोप्य कागजात गैरकानूनीरुपमा मिडियालाई उपलब्ध गराएर आमजनतालाई दिग्रभ्रमित बनाउने कार्यमा प्रहरी प्रशासनलगायत राज्यका निकाय सक्रिय रहिआएको पार्टीको आरोपमा राज्य मौन छ । तर यसरी एउटा पार्टीका सभापतिलाई पाँच वटा जिल्लामा पक्राउ पुर्जी जारी भइरहँदा अदालती प्रक्रियाबाट जतिसक्दो चाँडो सभापतिलाई उम्काने कार्यतिर नलागेर रास्वपा विषयान्तर गरेर चर्चाको खपत गरिरहेको त होइन, प्रश्न उब्जिएको छ । पटकपटक म्याद थपेर अनुसन्धान गर्ने काममा मुलुकको चौथो पार्टीका सभापति र अझ दुई दुई पटक गृहमन्त्री भएका व्यक्ति कुनै एउटा जिल्ला प्रहरीको हिरासतमा छन् भन्ने कुरा राज्यले नबुझेको होला र ?*

# गढीमाईको समुचित व्यवस्थापनको खाँचो

चन्द्रकिशोर प्रसाद साह

बारा जिल्लाको महागढीमाई नगरपालिका वडा नं. १ स्थित बरियारपुर गाउँमा लाग्ने पञ्चवर्षीय गढीमाई मेलामा समुचित व्यवस्थापन नहुँदा मेला भर्न आउने दर्शनार्थीहरुको संख्या मात्रै २० लाख पुग्ने अनुमान देखिन्छ । मंसिर २२ गते शनिवारका दिन अलिकति मेला जस्तो अनुभूति भएको हो जसमा २५ प्रतिशत पहाडि, अन्य जिल्लाहरुका मानिसहरु आएकाले भिडभाड भएको जुन ४ लाख भएको देखिन्छ । मंसिर महिनाको शुक्लपक्षको सप्तमीको राँगो अनि अष्ठमीको बोको बली दिइने परम्परा रहेको छ । तर यस वर्ष सप्तमी र अष्ठमी दुबै एकै दिन परेता पनि मेलालाई लम्ब्याउन समितिले मंसिर २३ गते राँगा (पाडा) अनि २४ गते बोका (खसी) बली हुने जनाएको छ । मेला समितिको ४० प्रतिशत अनि झुला, सर्कश आदि खेल तमाशा आयोजकको ६० प्रतिशत हुने अनि अन्दर टेबुलको पनि गोप्य रुपमा पैसा लिइने भई हरेक कार्यको सय रुपैयाँ राखिएको, थिएटरको दुई सय रुपैयाँ भन्दा बढि राखिएको, १२ घण्टाको पार्किङ्ग शुल्कमा बाइकको पचास रुपैयाँ, कारको दुई सय रुपैयाँ लिइएको पाइन्छ । विशेष पुजाको लागि पाँच सय रुपैयाँ लिइने गरिएको देखिन्छ जसको फलस्वरुप सामान्य मानिसहरुको लाइनमा घण्टौं लाग्ने गरेको कार्यबाट दर्शनार्थीहरु दिक्क भएको बताइन्छ । यसरी विशेष पुजा तथा महंगीका कारण मानिसहरुको आगमनमा निकै कमी भएको हो । यदि कमिशन हटाउने हो भने सवै खेल, सर्कशको शुल्क पचास रुपैयाँमा झर्थ्या ।

मेलाको प्रारम्भ हुनमा ढिलाई भएको छ जसको कारणमा बढी वर्षात् भएको बताइए पनि वास्तविकता भने त्यस्तो देखिदैन । आन्तरिक रुपमा समितिका सदस्यहरुबीच कलह बढेको पाइन्छ । स्थानीय सरकारको राजावादी सोंच रहेको बताइन्छ । साथै आजीवन सदस्यहरुको भेलानै नगराएर एकतर्फी रुपमा मेयर उपेन्द्र यादवद्वारा मेला समिति, उपसमिति बनाएर सञ्चालन गरिएको बताइन्छ । विगतमा पसलेहरुलाई घाटामा गएकाले पसल थाप्न उत्साहमा कमी रहेको बताइन्छ । यस्तै तीन हजार पसलका लागि स्टल बनाइए पनि बाटो बिनाको खेतहरुमा बनाइएका स्टलहरु सवै खाली नै छन् । रोडमा बनाइएका स्टलहरु पनि २५ प्रतिशत खाली नै देखिन्छन् । १०÷१५ हजार ब्लेकमा बाहिरका मानिसहरुसित ससाना स्टल बिक्री गरिएका छन् । कतिपय व्यक्ति स्टल खरिद गरेपनि व्यापार थाप्न आएका छैनन् । यस्तै मेला समितिले पसल, स्टलका लागि जसको नाममा स्टल लिइएको हो त्यसको नाम, फोटो भएको प्रमाणपत्र सो स्टलमा झुण्डियाउनुपर्ने, जे पसलका लागि लिइएको हो सो बाहेकको कार्य गर्न नपाइने जनाइए पनि कुनै पनि पसलमा सो प्रमाण पत्र राखिएको देखिदैन । विगतमा पूर्व र पश्चिममा २ वटा वैष्णोदेवीको ठूलो भव्य अस्थायी मन्दिर बनाइने गरिएको थियो जुन यस वर्ष सानो मात्र बनाइएकाले आकर्षणमा कमि देखिन्छ ।

यस गढीमाई मन्दिरको उत्पत्ति सम्बन्धमा १७ शताव्दीतिर पुजारी मंगल चौधरीको दशौं पुस्ता पहिले चोरी हुँदा सो चोरलाई गाउँलेहरुले कुटेर ज्यान लिएका थिए । त्यसपछि प्रहरी आउँदा गाउँलेहरुलाई बचाउनका लागि भगवानको चौधरीले आफू सो चोरलाई मारेको हुँ भनी बयान दिएपछि प्रहरीले भगवान चौधरीलाई मकवानपुर जिल्लाको गढी जेलमा लगेर राखेका थिए जहाँबाट बच्नका लागि गढीको कालीको त्रिशुली, माटो लिएर भागेर विभिन्न स्थान हुँदै अन्तमा मन्दिर स्थापना गरी पुजारी बनेका थिए । त्यस समयमा सपनीमा देवी आएर जेलबाट छुटकारा पाइएको जसवापत् बली दिनुपर्ने वाचा गरेको भनी पछि प्रचार ल्याइयो । तत्कालीन समयमा विभिन्न ठाउँहरुमा लुकेर रहेका थिए जहाँ अहिले ती सवै ठाउँहरुमा गढीमाईको मन्दिर स्थापना गरिएको पाइन्छ । जस्तैः बारा जिल्लामा पर्ने बारागढी गापा वडा नं. ७ स्थित गढीमाई, छातापिपराको गढीमाई, बुद्धगाईको गढीमाई, करैयामाईको गढीमाई, कलैयाको सिसहनियाको गढीमाइ, रौतहट जिल्लाको कनकपुर जंगलशाहीको गढीमाई, सुन्दरपुरको गढीमाई र अन्तमा बरियारपुरको गढीमाई भएको हो । तर अहिले सबै भन्दा बढी चर्चित बरियारपुरको मेला रहेको छ किनकि यसको प्रारम्भकालमा त्यतिखेरका राजाहरुले आफ्नो फाइदाका लागि मेला प्रचारप्रसारमा चौधरीको काँधमा बन्दुक राखी स्वार्थ पूर्तिहेतु मेला व्यवस्थापनमा जोड दिएका थिए जुन गलत क्रियाकलापका कारण ध्वस्त भए । मेलाको प्रारम्भ तान्त्रिक दुखा कछडियाले आफ्नो ५ वटा अंगको रगत दिएपछि गढीबाट ल्याइएको माटोमा प्रकाश प्रज्जलित हुने अनि पञ्चबलीहेतु जंगली मुसा, लोकल कुखुरा, सुँगुर, बोको, राँगोलाई दिइने प्रारम्भ गरियो र प्रत्येक ५ वर्षमा मेला लगाउने परम्पराको शुरुवात भयो । अहिले पनि पुजारी, धर्म, मेलाको नाममा बजेट कुम्ल्याउने परम्परा तीब्र रुपमा बढेकोले दर्शनार्थीको घुइँचोमा कमी भएको बताइन्छ ।

मेलाका साल विशेष पुजाका लागि जंगलबाट विशेष प्रज्जलन हुने दाउरा ल्याएर एक आपसमा घर्षण गराएर आगोको झिल्काबाट दिप प्रज्वलित हुने वैज्ञानिक आधार पाइन्छ । तर यसलाई जाडोमा आगो बल्नु दैविक शक्तिको उपमा दिएको पाइन्छ । यस्तो बलेपछि सवैभन्दा पहिले जेठी दिदी बारागढीमा भएको गढीमाईमा बली दिइन्यो अनि मात्र बरियारपुरको ब्रम्हस्थानपूर्व घेराभित्र बली दिइने परम्परा रहेको हो । यस्तै आध्यात्मिक दृष्टिकोणले बली दिइएको राँगा, बोकोको रगत, शरीरमाथि झिंगा नभन्किने सन्दर्भमा गढीमाईको शक्तिको कारण बताइन्छ भने अर्कातिर चिसोमा झिंगाको वृद्धि नहुनुका साथै फोहोरलाई व्यवस्थापन गरिएको र भिडभाडमा भिंmगा हराउने हुन्छ र तत्कालै औषधी छरिने परम्परा रहेकोले झिंगा वृद्धि नभई हेर्न नपाइएको कुरा बताइन्छ ।

शनिवार राती १२ बजेपछि राँगा बली दिइने प्रारम्भ हुन्छ जसको लागि ३ हजार पाडाहरु आएको कुरा बताइन्छ जसलाई पर्खालको घेरा हाली राखिएको र मानिसहरुलाई हेर्न, फोटो लिन रोक लाइएको देखिन्छ । हुनत जनावरलाई परिवारको सदस्य झै नामकरण गरी पालिने विदेशी परम्परा भएपनि यहाँ जनावर हत्या, हिंसामा तीब्रता रहेकोले गढीमाईको बली प्रथाको विरोध भइरहेको पाइन्छ । सर्वाेच्च अदालतले बली प्रथालाई निरुत्साहित गर्दै लैजानुपर्ने जनाइएको छ तापनि त्यसको प्रचारप्रसार गरिएको पाइँदैन । जबसम्म शिक्षाको विकास हुन्न तबसम्म बली प्रथाको अन्त हुन्न । मो समिति प्रमुख उपेन्द्र यादवद्वारा 'हिन्दु भन्दा पनि हामी पैला सनातनी हौं' बताइन्छ जसको अर्थ रुढीवादी अपरिवर्तनशील हुन्छ । गढीमाई मन्दिरमा भुजा, माछा, रक्सीलाई चढाउनु छ भने गढीमाईको अंगरक्षक (पुजारी) लाई पहिले दिनुपर्दछ जसले बाहिरबाट पकाएर केही शुल्क लिई दर्शनार्थीलाई खुवाउने गरिन्छ ।

यहाँ अन्धविश्वासको जालो भरिपूर्ण छ । मेला समितिद्वारा बलीको साट्टोमा नगद दान गरेमा बली चढाएसरह मानिने जनाएको छ । यसका लागि एउटा परेवा बरावर तीन सय रुपैयाँ, बोको (खसी) बराबर चार हजार रुपैयाँ, राँगा (भैंसा) बराबर आठ हजार रुपैयाँ तोकिएको छ । पाडा बलीका लागि बनाइएको ढाटको क्षमता पाँच हजार राँगा अटाउने रहेको छ । तर यस वर्ष तीन हजार मात्रै आउने बताइन्छ । ढाठमा बुझाउँदा प्रति राँगा पाँच सयको हिसाबले समितिलाई दिनुपर्दछ । मेला समितिले राँगा बलीको मासुलाई काठमाण्डौंका लागि बिक्री गरिएकाले विगतका मेलामा दुबैतर्फबाट लुछाचुडी भएको थियो । यस वर्ष पर्खालको उचाई बढाएर चारैतिर नदेखिने गरी कपडाले छेकिएको छ र प्रहरी निगरानी बढाइने प्रति सजग रहेको बताइन्छ । तर राँगो बली दिने प्रयाः दलित समुदाय भएका र प्रसादको रुपमा लग्न नपाइने भएपछि भाकलमा कमि भएको हुन सक्ने र ट्रयाक्टर वृद्धिसँगै विस्तारै पशुहरुको संख्या पनि कमि हुँदैछ । कतिपयको भनाई छ कि बलीलाई बिक्री गर्न पाइँदैन । तर दलित नेताहरुले हामीलाई बलीको मासु लगेर नखानेतर्फै अडानमा देखिन्छन् । हुनत गढीमाईको प्रसिद्धि बलीबाट नै भएको हो जसलाई हेर्न हेर्न नदिइने प्रसंगबाट मेला घुम्न आएका दर्शनार्थीहरुले बताइरहेका छन् ।

गढीमाई मन्दिरमा दर्शनहेतु २.५ लाख मानिसहरु ओइरिने अनुमान गरिए पनि लाख मात्रै अब दर्शन गर्ने देखिन्छ । तापनि जुत्ता, चप्पल राखिने व्यवस्था मेला समितिले गरेको देखिदैन । पुजारीले ३ करोड, मेला समिति अध्यक्षले १.५ करोड मानिसहरु मेलामा आउने बताइए पनि २० लाख भन्दा बढी मानिस ओइरिने अवस्था देखिदैन । किनकी, जनकपुरको विवाह पञ्चमी हेरेर सोही बसहरु गढीमाई षस्टीको दिन आउने गरेको र जसबाट गढीमाई मेलामा भरिपूर्ण हुने गरेको थियो । तर यस वर्ष जनकपुरबाट मात्रै २ सय बस भित्रियो । यो त हात्ती आयो हात्ती फुस्सा सरह भयो । तर बढी प्रचार प्रसार गराएर माथिल्लो बजेटसहित स्थानीय बजेट मार कार्यक्रम गरियो र मेला व्यवस्थापन भन्दा पनि मन्त्रि, नेताहरुको बेल्चागिरी, चापलुसी मै समय बिताइएकोले अन्य कार्य फितलो भएको बताइन्छ । मेलामा कम मानिस भएता पनि सडकहरुमा बढी भिड भएको पाइन्छ । किनकी, सडकसाइडमा पहिले मानिसहरुलाई पैदल हिंडन दुवैतिर बाटो बनाइन्थ्यो तर यस पटक सो ठाउँहरुमा पसलका लागि स्टल बनाइएका देखिन्छन् जसले झन् आवागमनमा अप्ठ्यारो तुल्याएको पाइन्छ । नत्र अहिले मिडियाको पहुँच बढी भएताा पनि १ महिना लाग्ने मेला १ हप्तामा सीमित हुन पुग्यो । यी सबैको धेरै कारण मध्ये निम्न पनि देखिन्छन्ः (१) ट्रस्ट, समितिको भेला बिना मेयरले आफै समिति, उपसमिति बनाउनु (२) मानिसहरु आआफ्ना काममा व्यस्त हुनु (३) शिक्षाको स्तर वृद्धि भई अन्धविश्वासबाट पर्दा हटेर भाकल गरिने परम्परामा कमी हुनु (४) वैज्ञानिक उपकरण प्रयोग भएपछि पशुहरुको संख्यामा कमी हुनु (५) वैद्धिकताको विकास हुनु (६) गाडीको विकासले पहिले नै दर्शन गर्नु (७) ठूलो धर्मशाला, होटल नहुनु (८) चर्पी, पानीको पर्याप्त सुविधा नहुनु र अलिकति भएपनि शुल्क लिइनु (९) राती बस्दा मनोरंजनको समुचित व्यवस्थापन नहुनु (१०) भारतबाट राँगा, बोको ल्याउँदा बोर्डरमा प्रहरीले रोक्नु (११) नगदेबाली धान काटिए पछि मेला परेता पनि बढि जाडोको समयमा मेला पर्नु (१२) ओमशान्ती, जयगुरुदेव आदि संस्था बलीविरुद्ध प्रचारप्रसार गर्नु (१३) जग्गा महंगो अनि ब्लेकमा बेचिनु (१४) समितिलाई खेलकुद, तमाशा, विशेष पुजामा बढी फाइदा हुने भएकाले तिनीहरुको कार्यतर्फ समुचित स्थान छनौट गर्नु (१५) बाहिरका पसलेहरुलाई साइडमा राखिनु (१६) अनियन्त्रित कोलाहल, आवाजमा स्पिकरहरु बजाइनु जसबाट मुटुरोगीहरुलाई अप्ठ्यारो हुनु (१७) बढी धूलो उड्ने अनि मास्क नलाएर मानिसहरुको भिड भएकाले दम रोगी तथा कोरोना संक्रमणको खतरा बढ्नु (१८) चप्पल, जुत्ता काउन्टर नहुनु (१९) राती प्रवचन, गोष्ठी नचल्नु र थिएटर भए पनि अश्लिल गीतले भरिपूर्ण भई होहल्लाा हुने अनि पर्दा, घेरा तोडफोड हुनु (२०) पर्याप्त सुरक्षा व्यवस्था नहुनु, आदि ।

आजभोली पैदल भन्दा बढी मानिसहरु गाडीले ओहोरदोहोर गर्ने भएका र दोहोरो सडक उपलव्ध नभएकाले सडकमै जम्का भेंट हुने गरेकाले सडक जाम हुने भएको हो । गढीमाई मन्दिरको वरिपरि आफ्नो निजी जग्गा नभएकोले भद्रगोल भएको हो जुन पछि पछि गएर मेला नै धराप पर्ने हुन्छ । अतः पर्यटकीय विकासहेतु मास्टर प्लान जरुरी देखिन्छ । मन्दिरको चारैतिर कम्तिमा १ कि.मि. आफ्नो जग्गा हुनुपर्दछ । यहाँका सवै मिठाई पसलहरुमा चम्पई, रंग, अखाद्य हैड्रो मिलाएर परिकारहरु बनाइएकाले यसले हाम्रो शरीरमा नकारात्मक असर गर्ने भएकाले उपभोक्ता तथा समिति चनाखो हुनुपर्दछ । यस मेलामा नेपाल÷भारतका कुख्यात चोर, चाँई, लुटेराको जमघट भई चोरी, गुण्डागर्डी बढी हुने गर्दछ । अतः गरगहना लगाएर मेला भर्नु हुँदैन । सीसीटीभी क्याम्रा लाइएको, सिविलमा सुरक्षाकर्मी खटिए पनि पकेट, घाँटीबाट चोरी भइरहेको बताइन्छ ।

बारामा गढिमाईको मेलाको नाममा सवै नपा, गापाको बजेटमा ब्रह्मलुट मच्चिएको हुन्छ । यस्ता ब्यानर, स्वास्थ्य शिविर, सडक सरसफाई आदि कार्यमा लुटिन्छ । मेलाको प्रारम्भ २०८१ असोज १७ गते घटस्थापनाका दिन भएको हो जुन पुनः मेलाको शुरुवात मंसिर १ गतेदेखि भएको जनाइयो र फेरि मार्ग १७ गतेदेखि २५ गतेसम्म विशेष पुजाको प्रारम्भ गरियो । मेला समितिबाट नभई स्वतःस्फूर्त रुपमा मानिसहरुको आगमन भएको देखिन्छ । यस मेलालाई लक्षित गरी १५ सय सुरक्षाकर्मी खटेको बताइन्छ । प्रशासनद्वारा बिना स्वीकृति ड्रोन क्याम्रा उडाउन नपाइने, बली दिंदा फोटो लिन नपाइने, हातहतियार, खुकुरी आदि खुल्ला रुपमा लिई घुम्न नपाइने जनाइएको छ । मेधेश प्रदेशले मेलालाई लक्षित गरी मंसिर २३ गते आइतवारका दिन विदा दिएको छ । विभिन्न धार्मिक, पार्टीगत तथा जातीय संस्थाहरुले निशुल्क बस्न, खान, स्वास्थ्य शिविर संचालन गरेका छन् । जस्तैः कानु हलुवाई, कलवार, तराई कुम्हार, गोपाल सेवा, कुर्मी, तेली, नेपाली सेना, बारा सुनचाँदी व्यवसायी संघ, सी.एम.ए. संघ, जनमत पार्टी, आजपा, ओमशान्ती, सहज ध्यान शिविर आदि ।

एन.प्याब्सनले ४० वटा स्कुले बस निःशुल्क संचालन गर्ने जनाइए पनि त्यति भरपर्दाे देखिदैन । यस्तै मेला समितिले १० वटा सानो अटो संचालन गरी बोर्डरबाट मानिस ल्याउने घोषण गरेपनि प्रभावकारी भएन । यात्रुहरुलाई राँगा, बोका ल्याउन निकै सास्ती खेप्नु परेको बताइन्छ । झन् भारतीय प्रहरीले बलीलाई रोक्दा अप्ठ्यारोमा परेको बताइन्छ । मेलालाई सहज बनाउन बाटाहरुमा ससाना पसलहरु राखिएकाले सो हटाउनेपर्ने कुरामा अविलम्ब ध्यान दिनुपर्दछ । मेलामा परेवा उडाइने कार्यमा पनि कमी देखिएको छ । साथै मन्दिरको पश्चिमतर्फबाट भित्र प्रवेश गराइने अनि परेवा लुट्ने कार्य रोक्नुका साथै परेवाको बासका लागि मेला समितिले समुचित व्यवस्थापन गर्नुपर्दछ । पानी, शौचालयको निकै कमी भएको तर्फ ध्यान केन्द्रित हुनुपर्दछ ।

# बिआरआईको तराजुमा प्रधानमन्त्री ओलीको चीन भ्रमण



चेतनाथ आचार्य

प्रधानमन्त्री केपी शर्मा ओली मंसिर १७ गते सोमबार साँझ चीनको बेइजिङ आइपुगे । यो भ्रमणमा उनको सर्वाधिक महत्त्वको दिन मंसिर १८ गते बुधबार थियो । बुधबार बिहान उनले चिनियाँ समकक्षी ली छ्याङसँग भेट गरे। सोही अवसरमा दुई देशबीच नौ बुँदे सहमति–सम्झौतामा हस्ताक्षर पनि भयो ।

दिउँसो चिनियाँ राष्ट्रिय जनकंग्रेसका अध्यक्ष चाउ लचीसँग भेट गरेका ओलीले साँझ चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेट गरे । राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीले प्रतिनिधि मण्डल स्तरमा र एक्लाएक्लै वार्ता गरेपछि रात्रिभोजमा सहभागी भए ।

प्रधानमन्त्री ओलीको यस भ्रमणको समयमा नेपाल र चीनबीच भएका सम्झौताका बुँदाहरू र तिनको विश्लेषण सामग्रीहरू नेपाली सञ्चार जगतमा छरपस्ट आइसकेका छन् । यो आलेखमा चाहिँ म प्रधानमन्त्री ओलीको चीन भ्रमणको समयमा मियोका रूपमा रहेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) मा हुने भनिएको अद्यावधिक सम्झौता र त्यसमा रूमल्लिएको अन्योलग्रस्त मानसिकताबारे चर्चा गर्नेछु ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणको दोस्रो दिन साँझ संयुक्त विज्ञप्ति प्रकाशित भएपछि दुई धारबाट यसबारे विश्लेषण सुरू भएको थियो । संयुक्त विज्ञप्तिभन्दा अगाडि आएको दुई पक्षीय सम्झौतामा कतै पनि बिआरआई उल्लेख थिएन । सबैले अब संयुक्त विज्ञप्तिमा बिआरआई आइहाल्छ होला भनेर प्रतीक्षा गरेका थिए । साँझ जब संयुक्त विज्ञप्ति आयो, त्यसले अझै धेरै अलमल गरायो । विज्ञप्तिमा पनि बिआरआई बारे चाँडै सहमतिमा पुग्ने कुरा उल्लेख थियो ।

त्यो चाँडै कहिले हो, कुनै टुंगो थिएन ।

संयुक्त विज्ञप्ति सार्वजनिक भएपछि प्रधानमन्त्री ओलीको भ्रमणलाई नेपालमा दुई कोणबाट विश्लेषण गर्न सुरू गरिएको थियो । सरकारका आलोचकहरू प्रधानमन्त्री ओलीको चीन भ्रमण पूर्ण रूपमा असफल भएको भन्न थालिसकेका थिए ।

चीन भ्रमणको तेस्रो दिन, मंसिर १९ गते बुधबार प्रधानमन्त्री ओली पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्न पुगे। त्यहाँ उनले लगातार एक घन्टा मन्तव्य राखे ।

चारवटा मिर्गौला बोकेको वृद्ध शरीर, अघिल्लो बिहान सबेरैदेखि राति अबेलासम्मको भेटघाट र वार्ता, हरेक भेटघाटभन्दा अगाडि विभिन्न दस्तावेज अध्ययन, सल्लाहकारको भीडभित्र सबैको कुरा सुन्नुपर्ने अवस्था, फरक खानपान, अत्यधिक चिसो बेइजिङमा तताइएका कोठाबाट सिर्जित शारीरिक थकानका बीच प्रधानमन्त्रीको सक्रियता र उत्साहको तारिफ जति गरे पनि पुग्दैन ।

प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै गर्दा दुई देशका दोस्रो तहका नेताहरू एउटा नयाँ सम्झौतामा पुग्न रस्साकस्सीमा थिए । बेइजिङको दोस्रो चक्रपथको पश्चिमतिर रहेको नानली सीलुमा रहेको 'सिसिपिआइटी' अर्थात्, वैदेशिक व्यापार प्रवर्द्धनका लागि चिनियाँ परिषदको सभाकक्षमा नेपाल चीन बिजनेस फोरम आयोजना हुँदै थियो । त्यहाँ नेपाली व्यवसायी र चिनियाँ व्यवसायीहरू दिउँसो एक बजेदेखि नै भेला भएका थिए । 'बिटूबी मिटिङ' सँगै साझेदारीका लागि छलफलमा सबै व्यस्त थिए । प्रधानमन्त्री आउने कार्यक्रम चार बजे मात्र थियो तर अगाडि नै व्यवसायीहरू आपसी सम्पर्क, व्यापार प्रवद्र्घनसँगै प्रधानमन्त्री ओलीको चीन भ्रमणको समीक्षा गर्दै थिए । धेरैजसो नेपाली व्यवसायीहरू खुलेरै बिआरआईमा सम्झौता नभएको भनेर असन्तुष्टि व्यक्त गर्दै थिए ।

ती व्यवसायीको असन्तुष्टि सुनेपछि मैले उनीहरूलाई एउटा प्रश्न राखेँ,'तपाईंहरू चिनियाँसँग मिलेर व्यवसाय गर्न खोजिरहनुभएको छ, बिआरआई फ्रेमवर्कमा हस्ताक्षर भए पनि नभए पनि के फरक पर्छ र ? दुई सरकारबीचको सम्झौतालाई लिएर निजी क्षेत्रको टाउको दुखाइ किन ?'

मैले सोचेभन्दा निकै फरक र गहन उत्तर उनीहरूले दिए । उनीहरूको भनाइ थियो—नेपालमा जाने सबै चिनियाँ लगानी (सरकारी अथवा निजी) बिआरआईबाटै निर्देशित हुन्छ । नेपालमा चिनियाँ बैंक खुल्ने विषय पनि हुँदैछ । चिनियाँ युआनमै दुई देशीय व्यापार गर्ने पनि तयारी भइरहेको छ । तर बिआरआईलाई सरकारले अगाडि नबढाएमा यी सबै परियोजना रोकिन सक्छन् । नेपालको पूर्वाधार विकास, सेवा क्षेत्र, पर्यटन र कृषि लगायत सबै सानाठूला चिनियाँ लगानी र सहयोगमा बिआरआई स्वाभाविक रूपमा जोडिन्छ । हामीले आशा गरेका थियौं, बिआरआईमा हस्ताक्षर हुन्छ तर भएन। चिन्ता यसैको हो ।

दुई बजेतिर नेपाली दूतावासकी काउन्सिलर सविता नकर्मी सभाकक्षमा प्रवेश गरिन् ।

मैले नकर्मीसँग कान्तिपुर दैनिकका समाचार सम्पादक कृष्ण आचार्यको परिचय गराएँ । नमस्ते फर्काएपछि उनले पहिलो वाक्यमै भनिन्, 'केहीबेरमा खुसीको समाचार आउँछ है !'

यति भनेर उनी सरासर भित्रपट्टि रहेका अन्य पाहुनातिर लागिन् ।

केहीबेरमै खबर आइपुग्यो — नेपाल र चीनबीच बिआरआईमा हस्ताक्षर भयो ।

साँझसम्म नेपालका सबै सञ्चार माध्यमले यो विषयमा समाचार प्रकाशन गरिसकेका थिए । अघिल्लो बुधबार बिहानसम्म बिआरआईमा हस्ताक्षर भएन भनेर घोसे मुन्टो लगाउनेहरूलाई अथाह उत्साहले गाँजेको थियो । फेरि नयाँ कोणबाट बहस सुरू भएको थियो ।

एक हिसाबले प्रधानमन्त्री ओलीको भ्रमण सफल अथवा असफल भनेर मापन गर्ने लक्षण रेखा सावित हुँदै थियो बिआरआई ।

सोही दिन साँझ फोर सिजन होटलमा नेपाली दूतावासले आयोजना गरेको रात्रिभोजमा सबै नेपालीहरू आपसमा बधाइ साटासाट गरिरहेका थिए। बधाइको विषय बिआरआईमा हस्ताक्षर भएकै थियो ।

नेपालका सरकार प्रमुख र राष्ट्र प्रमुखको विदेश भ्रमण 'सफल' अथवा 'असफल' भनेर झुन्ड्याइने ट्याग बडो अचम्मको छ । कसले कति पैसा अथवा अनुदान माग्न सक्यो, त्यसैका आधारमा टाँसिन्छ । त्यसमा पनि छिमेकी मुलुकको भ्रमणमा त चिया पसलदेखि टेलिभिजनसम्म त्यही 'अनुदान' तौलिनेहरूको भीड लाग्छ ।

उच्चस्तरीय भ्रमणले दुई देशबीचमा सदभाव बढाउने हो । आपसी लगानीको वातावरण बनाउने हो। पर्यटक आकर्षित गर्न पैरवी गर्ने हो । 'लगानी गर र नाफा कमाऊ' भन्ने हो । 'विकास साझेदारीमा हातेमालो गरौं र त्यसका प्रतिफल बाँडौं' भन्ने हो । साझा संस्कृति, दिगो विकास,जलवायु परिवर्तनमा सहकार्य, प्राकृतिक प्रकोप न्यूनीकरणमा प्रविधि आदानप्रदान, डिजिटल युगमा उन्नत समझदारी अपनाउने हो ।

यति बेला चीनसँग व्यापक पुँजी र प्रविधि छ । जनस्रोतको विकासमा विश्वमै अग्रस्थानमा छ । अफ्रिकाको विकासमा चीनले प्रचुर सहयोग गरिरहेको छ । विकासोन्मुख देशहरूमा चीनले अगाडि सारेको बिआरआई परियोजना अन्तर्गत पूर्वाधार विकाससँगै गरिबी निवारण, रोजगारी सिर्जना, सामाजिक र आर्थिक अवस्थामा सुधार लगायत व्यापक काम भइरहेका छन् । तर हामी चाहिँ 'ऋण होइन है, ऋण त लिनै सकिँदैन, बरू अनुदान देऊ, जति पनि लिन्छौं' भन्दै लाजै पचाएर हात थापिरहेका छौं ।

चीनले ६ दशकमा नेपाललाई अनुदानमा विभिन्न परियोजना दिएको छ । बाँसबारी छाला जुत्ता कारखाना, भृकुटी कागज कारखाना, त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म चल्ने ट्रली बस, इँटा–टायल कारखाना लगायतको सूची लामै हुन सक्छ ।

चिनियाँहरू एउटा उखान सधैं प्रयोग गर्छन्—भोको मान्छेलाई माछा दिने होइन, माछा मार्न सिकाउने हो ।

चीनमा गरिबी निवारणका क्रममा यो उखान अझ व्यापक बन्यो। गरिब व्यक्तिलाई पैसा अथवा अनुदान दिएर उसको आर्थिक उन्नति हुँदैन । उसलाई जीवनोपयोगी सीप सिकाउनुपर्छ। क्षमता अभिवृद्धि गराउनुपर्छ। आर्थिक उपार्जनको बाटो देखाउनुपर्छ ।

यो एक्काइसौं शताब्दी हो । अहिले हाम्रा राजनीतिक दलहरू आर्थिक उदारीकरण भन्छन् तर ऋण होइन, अनुदान मात्र हात थाप्ने कुरा गर्छन् । उसो त ऋण लिनैपर्छ भन्ने पैरवी होइन । सकिन्छ भने किन ऋण लिनु र ? तर आजको युगमा सहकार्य बिना अगाडि बढ्न सकिँदैन ।

मुख्य कुरा के हो भने, सात वर्ष अगाडि हस्ताक्षर गर्दा बिआरआई र तिनै परियोजनाहरू हाम्रा लागि ठीकै थिए । त्यति बेला हामीलाई 'ऋणको पासो' जस्तो कतै लागेन । अनि अहिले कहाँबाट आयो ?

हामी चीन र भारतजस्ता विशाल अर्थतन्त्रका बीचमा छौं । यो हाम्रा लागि चुनौती होइन, अवसर हो । हामी 'यो देशबाट ऋण लिन्छौं, यो देशबाट लिँदैनौं' भनेर किटान गर्ने अवस्थामा अझै पुगेका छैनौं । निकट भविष्यमा पुग्दैनौं पनि । अथवा, यस्तो भनेर हामीले आफ्नै खुट्टामा बन्चरो हान्ने काम गर्न पनि हुँदैन ।

त्यसैले नेपालले विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्था र देशबाट ल्याएको ऋणको लेखाजोखा गरौं । त्यस्ता शक्ति केन्द्रहरूले अनुदानका नाममा विभिन्न सर्त राखेर स्रोतको मूल हिस्सा उतै फर्किएको कुरालाई अनदेखा नगरौं ।

अन्य देशमा चिनियाँ परियोजनाहरू समयमै सम्पन्न हुँदा नेपालमा किन सम्पन्न हुँदैनन् ? सरकारका जिम्मेवार व्यक्तिहरूले लगानी सम्मेलन र दुई पक्षीय वार्तामा 'लगानीको वतावरण बनाउँछौं' भन्छन् । तर सय थरी कानुन र निकायका आफ्नै तौरतरिकाले अड्चन थापेको बारेमा कहिल्यै समीक्षा हुँदैन ।

बिआरआई परियोजना पूर्वाधार विकासमा मात्र सीमित छैन। यसले स्थानीय संस्कृति र सम्पदा संरक्षणदेखि व्यक्तिको सामाजिक तथा आर्थिक अवस्था सुधारसम्ममा ध्यान दिने गरेको छ । अन्तर्राष्ट्रिय रूपमा शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, सेवा, मनोरञ्जन, व्यापार जस्ता जुनै क्षेत्रमा सहभागिता जनाए पनि चीनले तिनलाई बिआरआई नामक एउटै डालोमा राखेको छ । विदेशमा जाने लगानी, सहयोग, अनुदान,ऋण, बजेटरी सहयोग सबै विषय बिआरआईकै डालोमा भेटिन्छ ।

त्यसैले हामीले हामीलाई चाहिने कुरा लिने हो । माग्नेलाई तातो भात भन्ने उखान त नेपालीम प्रचलित छँदैछ । त्यसमाथि हामी त 'खिर भए खान्छु, भात त यत्रो पनि खान्नँ' भन्दैछौं । हामीले बिआरआई बहिस्कार गर्नु भनेको त समग्र चीनलाई अस्वीकार गर्नु जस्तै हो ।

इमानदार भएर आफ्नो देश र माटोका निम्ति काम गरौं । कुनै अमुक शक्ति केन्द्रलाई खुसी बनाउने सपना त्यागौं । बिआरआईमा हस्ताक्षर गरेको साँझ रात्रिभोजमा आपसमा बधाइ साटासाट गर्दा नेपाली प्रतिनिधि मण्डलमा रहेका केही उच्च नेताहरूले रातो अनुहार बनाउने र केही चाहिँ पुलकित भएर अतिउत्साही भएको पनि देखियो । दुवै 'अति' उचित होइन । इमानदार भएर भएका सम्झौता कार्यान्वयन गरौं । मरिच जस्तै आफ्नै रागले चाउरिन आवश्यक छैन । सेतोपाटी

# अमेरिकी सहायक विदेशमन्त्री लु नेपालमा



**काठमाडौँ ।**
सयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्य एसिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लु आइतबार नेपाल भ्रमणमा आएका छन् ।

आफ्नो दक्षिण एशिया भ्रमणका क्रममा उनले नेपाल सरकारका नेतृत्वकर्ताहरूसँग शिष्टाचार भेट र नागरिक समाजसँग कुराकानी गर्नुहुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ ।

उनको यो भ्रमणले अमेरिका–नेपाल सम्बन्धलाई मजबुत बनाउने र वातावरणीय सुरक्षा, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण र दिगो विकासजस्ता क्षेत्रमा दुई देशबीचको सहकार्यलाई अघि बढाउने बताइएको छ ।

उनले यसअघि पनि तीनपटक नेपालको भ्रमण गरिसकेका छन् । पछिल्लोपटक उनी गत वर्ष असार २९ गते पनि नेपाल आएका थिए । त्यसअघि उनी नेपालमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पारितको चरणमा रहेको अवस्थामा अमेरिकाबाट तारन्तार भएका भ्रमणको क्रममा नेपाल आएका थिए ।

त्यसपछि अमेरिकाले प्रस्ताव गरेको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) मा सहभागी हुने विषयमा संवाद गर्न पनि नेपाल आइपुगेका थिए । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले एसपीपी प्रस्तावलाई अस्वीकार गर्ने निर्णय मन्त्रिपरिषद्बाटै पारित गरेपछि उनी त्यसको केही समयपछि नै नेपाल आइपुगेका थिए ।

एमसीसी पारित हुने विषयमा नेपालमा चर्को बहस भइरहेको अवस्थामा सोही वर्षको २७ माघमा एकै दिन लुले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग टेलिफोन सम्वादसमेत गरेका थिए । संवाद भएको करिब दुई हप्तापछि १५ फागुन २०७८ मा नेपालको संसदले व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गरेको थियो ।

अमेरिकी विदेश मन्त्रालयमा ३० वर्षभन्दा बढी समय सेवा गरेका डोनाल्ड लु सन् २०२१ को १५ सेप्टेम्बरमा अमेरिकी विदेश मन्त्रालयको दक्षिण र मध्य एसियाली मामिलाको ब्यूरोमा सहायक विदेशमन्त्री नियुक्त भएका थिए ।

यसअघि सन् २०१५ देखि २०१८ सम्म अल्बानिया र २०१८ देखि २०२१ सम्म किर्गिजस्तानमा अमेरिकी राजदूतका रूपमा काम गरेका थिए । अल्बानियामा राजदूत हुनुअघि उनी पश्चिम अफ्रिकामा चलेको बेलामा अमेरिकी विदेश मन्त्रालयबाट नियन्त्रण कार्यदलको सहायक संयोजक भएका थिए ।

उनले भारत, अजरबैजान, किर्गिजस्तानमा समेत बसेर काम गरेका छन् । त्यसअघि उनले मध्य एशिया र दक्षिण काकेसस मामिलाको कार्यालयमा उपनिर्देशक, युरोपेली मामिला ब्यूरो आदि महत्वपूर्ण स्थानमा रहेर काम गरिसकेका छन् । रासस

# रविलाई थप चार दिन हिरासतमा राख्न अनुमति

**गण्डकी ।**
सहकारी ठगी एवम् सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा रहेका पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । म्याद थपका लागि लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएकोमा न्यायाधीश हिमलाल बेलबासेको इजलासले चार दिन म्याद थप्ने अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।

गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ गरी पोखरा ल्याइनुभएका लामिछाने त्यस यता प्रहरी हिरासतमा छन् । उनलाई त्यसपछि अनुसन्धानकै क्रममा रुपन्देही, काठमाडौँ र चितवन समेत लगेर बयान लिइएको थियो । रासस

# प्रधानमन्त्रीबाट मानवसेवा आश्रमको भवन उद्घाटन

**झापा ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको मेचीनगर नगरपालिका–४, आमडाँडीस्थित मानवसेवा आश्रमको जिल्ला कार्यालयको भवन उद्घाटन र मानवसेवा स्मारकको भवन शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री ओली र प्रथम महिला राधिका शाक्यले उद्घाटन र शिलान्यास गरेका हुन् । कार्यक्रममा आश्रमका लागि दुई बिघा पाँच कट्ठा जग्गा दिने स्थानीय रामबहादुर प्रधान र परिवारलाई सम्मान गरिएको थियो ।प्रधानमन्त्री ओलीले सो आश्रमको भवन निर्माणका लागि आफ्नो एक महिनाको तलब र प्रथम महिला शाक्यले दुई महिनाको पेन्सन रकम दिने घोषणा गरे । प्रधानमन्त्री ओलीको घोषणापछि अन्य अतिथि र जनप्रतिनिधिले पनि सहयोगको घोषणा गरेका थिए । रासस

# ‘सरकारले मर्यादित महिनावारीलाई अभियान बनाउनुपर्ने’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री पार्वत गुरुङले मर्यादित महिनावारीको विषयलाई तीनै तहका सरकारले अभियानका रुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन् ।

छैटौँ अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसका अवसरमा राधा पौडेल फाउन्डेसनले आइतबार यहाँ आयोजना गरेको ‘लैङ्गिक समानताका लागि यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र मर्यादित महिनावारी नीति संवादमा पूर्वमन्त्री गुरुङले महिलामाथि हुने सबै प्रकारको विभेदको अन्त्य गर्नुपर्ने र महिनावारीलाई मर्यादित बनाउनुपर्नेमा जोड दिएका हुन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री हुँदा उनले मर्यादित महिनावारी निर्देशिका बनाउनका लागि मस्यौदा तयार गर्नुका साथै मर्यादित महिनावारीको देश बनाउन अभियान नै सञ्चालन गरेका थिए ।



‘महिलामाथि कुनै पनि प्रकारको विभेद हुनु हुँदैन, बालविवाह रोकिनुपर्छ, महिनावारीका नाममा हुने हिंसा रोकिनुपर्छ’, उनले भने, ‘तीनै तहका सरकारले महिनावारीका नाममा कुनै पनि प्रकारणको विभेद हुन हुँदैन भनेर अभियान नै सञ्चालन गर्नुपर्छ ।’

पूर्वमन्त्री गुरुङ विभेदरहित मुलुक बनाउनका लागि सरकार, राजनीतिक र सामाजिक सङ्घसंस्था सबैले ध्यान दिनुपर्ने र मानिसको चेतनस्तरमा परिवर्तन ल्याउन सबैल पहल गर्नुपर्नेमा जोड दिए । २१औँ शताब्दीमा आएर यस्ता खालका विभेदलाई जरैदेखि उखेलेर निर्मूल गर्नुपर्ने उनको भनाइ थियो ।

राष्ट्रियसभा अन्तर्गत विधायन समितिका सभापति तुलसाकुमारी दाहालले मर्यादित महिनावारीको विषयलाई कानुन बनाएर कडाइका साथ कार्यान्वयन गर्नुपर्ने बताए । सभापति दाहालले २०७४ सालमा बनेको मर्यादित महिनावारी निर्देशिकाको मस्यौदाबारेमा आफूले थप जानकारी लिने र कानुन बनाउनका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले प्राकृतिक रुपमा हुने महिनावारीलाई कुनै पाप, धर्म, जात वा भूगोल कुनैमा पनि हिसाबले विभेद गर्न नहुनेमा जोड दिए ।

राधा पौडेल फाउन्डेसनका संस्थापक अध्यक्ष डा राधा पौडेलले विश्वभरि नै महिनावारीका नाममा महिलाले कुनै न कुनै प्रकारको विभेद सहनुपरेको उल्लेख गर्दै विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिइन् । महिनावारीका नाममा कुनै पनि प्रकारण विभेद गर्न नहुने उनको भनाइ थियो ।

कार्यक्रममा डा.राधा पौडेलको शब्द र समीक्षा अधिकारीको स्वरमा ‘मेरो शरीर मेरो अधिकार हुन्छ, अनुमतिबिना छुन खबरदारी छ’ बोलको गीतको सार्वजनिक गरिएको थियो ।

त्यस्तै, ‘सृष्टिको रगतको गाथा–२’ को सार्वजनिक गरिएको थियो । आइतबार डिसेम्बर ८ विश्वभरि नै अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाइँदैछ । रासस

## स्वास्थ्यमन्त्री भन्छन्–
# ‘हाम्रो लक्ष्य स्वस्थ्य नेपाल र भावी पुस्ता’

**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य संरचनालाई निरोधात्मक पक्षमा ध्यान दिँदै चेतनाको अभिवृद्धिमा काम गर्न आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय जनस्वास्थ्य दिवसका अवसरमा नेपाल जनस्वाथ्य सङ्घले आइतबार आयोजना गरेको कार्यक्रममा उनले स्वस्थ्य नेपाल र स्वस्थ्य भावी पुस्ता बनाउने कुरामा लागिपर्नुपर्नेमा जोड दिएका हुन् ।

‘बिरामी हुँदा उपचार गर्ने राज्यको दायित्व हो । तर विरामीको सङ्ख्या बढ्दै जाँदा सबैको निःशुल्क उपचार गर्न नसकिने अवस्था पनि हुन्छ’, उनले भने, ‘सबैलाई कसरी निरोगी बनाउने र कम खर्चमा कसरी सेवा गर्न सकिन्छ त भन्ने मुख्य कुरा हो ।’ उनले जनस्वास्थ्य क्षेत्रको उपस्थितिले यी लक्ष्य हासिल गर्न सहज हुने विश्वास व्यक्त गरे ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेलले स्वास्थ्य क्षेत्रमा जनस्वास्थ्य अधिकृतको आवश्यकता रहेको उल्लेख गरे । उनले भने, ‘स्रोत व्यवस्थापन गर्न सकियो भने सबै स्थानीय तहमा जनस्वास्थ्य अधिकृत चाहिन्छ, स्वास्थ्य ऐन छुट्टै चाहिएकै छ । बनाउने क्रममा छौँ । जनस्वास्थ्यकर्मीको दक्षता नीति निर्माणमा चाहिएको छ ।’

सङ्घका उपाध्यक्ष तेजप्रसाद दुलालले जनस्वास्थ्य विषयका महत्व तथा यस क्षेत्रका सवाललाई उजागर गरेर राज्यका विभिन्न निकाय तथा सरोकारवालालाई यसको प्राथमिकताबारेमा सचेतना गर्ने उद्देश्यले दिवस मनाउने गरेको बताए ।

उनले भने,‘हामी दशौँ हजारको सङ्ख्यामा छौँ तर अझै पनि सबै सङ्गठित हुन सकेका छैनौँ । नीति बनाउँदा जनस्वास्थ्यको विषयलाई पनि ध्यान दिनुपर्छ । उत्पादन भइरहेको छ तर जनशक्तिलाई कसरी काममा लगाउने सोच्नुपर्छ । दक्ष जनशक्तिलाई विदेश पलायन हुन बाट रोक्नुपर्छ ।’

नेपाल जनस्वास्थ्य सङ्घ २०४७ साल मङ्सिर २३ गते स्थापना भएको हो । सङ्घले यस वर्ष ‘जनस्वास्थ्य लगानी गरौँ, स्वस्थ्य राष्ट्र निर्माण गरौँ’ भन्ने नाराका साथ सप्ताहव्यापी सातै प्रदेशमा दिवसको अवसरमा कार्यक्रम सञ्चालन गरेको छ । रासस

# पर्यटन क्षेत्रको विकासबाट मुलुक समृद्धः मुख्यमन्त्री कार्की

**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पर्यटन क्षेत्रको विकासबाट मुलुकको कायापलट हुने बताएका छन् ।



प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा आइतबार विराटनगरमा आयोजित पदमार्गमा आधारित पर्यटन विकास परियोजना शुभारम्भ गर्दै उनले परियोजनाले पहाडी भेगमा पूर्वाधार निर्माण, रोजगारी, शिक्षा, स्वास्थ्यमा पहुँच पुग्नुका साथै बसाइँसराइको अन्त्यसमेत हुने धारणा राखे ।

मुख्यमन्त्री कार्कीले नेपालको विकास र समृद्धिका लागि पहिलो प्राथमिकतामा पर्यटन भएको उल्लेख गर्दै प्रदेशले आव २०८१÷८२ को नीति तथा कार्यक्रम एवं बजेटमा यस क्षेत्रको विकासलाई समावेश गरेको बताए ।

उनले शुभारम्भ गरिएका चार वटा पदमार्गको २०८५ साल साउनमा सम्पन्न हुने जानकारी दिँदै यो पदमार्ग मुलुक, प्रदेश र पालिकाका लागि ‘गेम चेञ्जिङ’ हुने विश्वास जनाए ।

मुख्यमन्त्री कार्कीले भने,‘आर्थिक विकास, पहिचान, सामथ्र्य र नेपाललाई विश्वमा पहिचान स्थापित गराउने एकमात्र क्षेत्र पर्यटन हो ।’ उनले आगामी पाँच वर्षभित्र प्रदेशले ठूलो आर्थिक समृद्धि हासिल गर्ने दाबीसमेत गरे ।

प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले पदमार्ग परियोजनाले पर्यटन व्यवसाय प्रवद्र्धन हुनुका साथै यस क्षेत्रका विपन्न जनतालाई रोजगार उपलब्ध हुने धारणा राखे । नेपालका लागि स्विट्जरल्याण्डकी राजदूत डा डानियेल म्युवलीले संविधान र सङ्घीयताको सफल कार्यान्वयनमा सधैँ साथ र सहयोग रहने बताए । उनले यस परियोजनाबाट २९ पालिकाको विकास एवं यस क्षेत्रका नागरिकहरुको आर्थिक समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मन्त्रालयका सचिव विशाल घिमिरे र फिदिम नगरपालिकाका प्रमुख नेत्रप्रसाद काफ्लेले पदमार्गबाट यसक्षेत्रमा आर्थिक उत्थान, रोजगारी र विकासको पहुँच पुग्ने धारणा राखे ।

कार्यक्रम संयोजक डा मानबहादुर विश्वकर्माले कोशी प्रदेश पदमार्ग आधारित ‘पर्यटनको सन्दर्भ र सम्भावना’ विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

सोही अवसरमा प्रदेश सरकार, स्विस सरकार र प्रदेशका २९ पालिकाकाका प्रमुख, उपप्रमुख एवं कार्यकारी अधिकृतहरुसँग त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो । प्रदेशमा पर्यटनको नयाँ सम्भावनालाई ध्यानमा राखेर स्वीस सरकारको सहयोगमा २०८५ साल साउनसम्ममा परियोजना सक्नेगरी पदमार्गमा आधारित पर्यटन विकास आयोजना सुरु गरिएको हो ।

स्वीस सरकारको एक अर्ब ३५ करोड १५ लाख, कोशी प्रदेश सरकारको ४५ करोड ८७ लाख, प्रदेश २९ वटा स्थानीय तहको ४४ करोड ६७ लाख र नेपाल सरकारको १९ करोड ९२ लाख गरेर परियोजनाको लागत दुई अर्ब ४५ करोड ६१ लाख रुपैयाँ रहेको छ ।

यो परियोजनाअन्तर्गत चियाबारी पदमार्ग (इलाम, फिक्कल र श्रीअन्तु), फाल्गुनन्द पदमार्ग (फिदिम, छिन्ताप्पु, सन्दकपुर, माइपोखरी र इलाम) लालीगुराँस पदमार्ग (तुम्लिङटार, खादबारी, नुम गुफा पोखरी, वसन्तपुर, जलजले, तीनजुरे र मिल्के) र मुन्धुम पदमार्ग (तावाभञ्ज्याङ, ट्याम्केडाँडा, चखेवा, डालसिङ्गे, धोत्रे, जलजले, हाँसपोखरी र मयुङ्डाँडा) रहेका छन् । यो पदमार्ग परियोजनाले प्रदेशको समृद्धि र विकासका लागि सहयोग पुग्ने मन्त्रालयका सचिव घिमिरेले जानकारी दिए । स्वीस सरकारले कोशी प्रदेश सरकारलाई २०७६ सालदेखि विभिन्न परियोजनामा सहयोग गर्दै आएको छ । रासस

# पाटन दरबार संग्राहालयमा नयाँ प्रदर्शनी कक्ष

**ललितपुर ।**
ललितपुरको पाटन दरबार संग्रहालयमा नयाँ प्रदर्शनी कक्ष थप हुने भएको छ । विश्वसम्पदा सूचीमा रहेको पाटन दरबार क्षेत्रमा अवस्थित सङ्ग्रहालयमा ऐतिहासिक कलाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी कक्ष थप गर्न लागेको हो ।

हाल तीन वटा ऐतिहासिक भवनमा प्रदर्शनी कक्ष रहेका भन्दै ती भवनमा परम्परागत कला झल्कने नयाँ प्रदर्शनी कक्ष थप्न लागिएको दरबार सङ्ग्रहालयका प्रमख सुरेशमान लाखेले जानकारी दिए । उनका अनुसार अन्तर्राष्ट्रिय सङ्ग्रहालय दिवस अघि (आगमी जेठ) भित्र उद्घाटन गर्नेगरी प्रदर्शनी कक्ष विस्तारको काम अघि बढेको छ । नयाँ थपिएको प्रदर्शनी कक्षमा कलात्मक मूर्ति निर्माण गर्ने चरण प्रक्रियालाई प्रदर्शनीमा राखिने लाखेले जानकारी दिए ।

ढुङ्गा, काठ र धातुबाट मूर्ति बनाउन सकिने भन्दै उनले मूर्ति निर्माणको चरणबद्ध प्रक्रिया प्रदर्शनमा राखिने उल्लेख गरे । नयाँ थपिएको कक्षमा राख्न ललितपुरका लोक चित्रकारले पौवा, भक्तपुरका इन्द्रकाजी सिल्पकारले काष्टकला र ललितपुर भैँसेपाटीका चन्द्रस्याम डुङ्गोलले ढुङ्गाको मूर्ति निर्माण गरी उपहारस्वरूप सङ्ग्रहालयलाई हस्तान्तरण गर्ने जनाइसकेको उनले बताए ।

सङ्ग्रहालयका प्रमुख लाखेका अनुसार नयाँ थपिने कक्षमा उपहारस्वरूप कला हस्तान्तरण गर्ने सबैलाई उद्घाटन समारोहमा सम्मान गरिनेछ । सङ्ग्रहालयमा कलात्मक मूर्तिसहित अन्य ऐतिहासिक सामग्री राखिएका भन्दै सिङ्गो ढुङ्गा र काठबाट कसरी मूर्तिकोस्वरूप दिइन्छ भन्ने प्रक्रिया प्रदर्शनीमा नरहेकाले थप कक्ष विस्तार गर्न लागिएको उनले जानकारी दिए ।

नयाँ कक्षमा थपिने कालात्मक प्रदर्शनीले परम्परागत कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई परम्परागत सीपको अध्ययन गर्ने अवसर प्रदान गर्ने प्रमुख लाखेले बताए । 'पर्यटकलाई सङ्ग्रहालयमा सधैँ एकैप्रकारका ऐतिहासिक सामग्री देखेर दिक्क लाग्नु स्वभाविक हो',उनले भने, त्यसैले हामीले नयाँ कलात्मक सामाग्री थपेमा सङ्ग्रहालयको आकर्षण बढाउने र पर्यटन प्रवर्द्धन गर्ने योजना बनाएका हौँ ।' रासस

# एनपिएलः चितवनले हरायो सुदुरपश्चिमलाई




**काठमाडौँ ।**
सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा चितवन राइनोजले सुदुरपश्चिम रोयल्सलाई ३३ रनले पराजित गरेको छ । प्रतियोगितामा सुदुरपश्चिमको यो पहिलो हार हो । यसअघि सुदुरपश्चिमले विराटनगर किङ्ग्स, काठमाडौँ गुर्खाज र लुम्बिनी लायन्सलाई पराजित गरेको थियो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा आइतबार भएको खेलमा चितवन राइनोजले दिएको एक सय ६५ रनको लक्ष्य पछ्याएको सुदुरपश्चिम १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउदै एक सय ३१ रनमा समेटियो ।

सुदुरपश्चिमका लागि इशान पाण्डेले सर्वाधिक ३५ रन जाडे । उनले १९ बलमा चार चौका र एक छक्का प्रहार गरे । त्यस्तै सेफ जेबले ११ बलमा १८ रन जोडे भने विनोद भण्डारीले १०, दिलप्रित बाज्वाले १२ तथा नरेन साउदले १० रन बनाए ।

चितवनका लागि कप्तान कुशल मल्ल, जान निकोल लफ्टी इटन र अमरसिंह राउटेलाले समान दुई विकेट लिए भने रिजन ढकाल र रञ्जित कुमालले समान एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ६४ रनको योगफल तयार गरेको थियो । चितवनका लागि ओपनर हसन इसाखिलले ५२ बलमा छ चौका र तीन छक्का प्रहार गर्दै ६५ रन बनाए । त्यसैगरी रवि बोपारा १८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३६ रन बनाए भने कप्तान कुशल मल्लले १६ बलमा १३ रन जोडे । विपीन रावलले १७ रन बनाए ।

सुदुरपश्चिमका लागि स्कट कुगेलेनले दुई विकेट लिए भने सेफ जेब, दीपेन्द्रसिंह ऐरी र ब्रेन्डन मक्मलनले समान एक विकेट लिए ।

यससँगै चितवनले आफ्नो चौथो खेलमा तेस्रो जित हात पारेको हो । सुरुवाती दुई खेल जितेको चितवन पछिल्लो खेलमा पराजित भएको थियो । काठमाडौँ र पोखरालाई पराजित गरेको चितवन कर्णालीसँग भने पराजित भएको थियो । रासस

# प्रधानमन्त्रीले गरे दमक कम्प्लेक्स उद्घाटन



**झापा ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक नगरपालिका–३ दापगाछीस्थित दमक व्यापारिक कम्प्लेक्सको आइतबार उद्घाटन गरेका छन् ।

मुख्य बजार क्षेत्रबाट चार किमी दूरीमा पर्ने सो १८ तले कम्प्लेक्स रु एक अर्ब ६३ करोड ५४ लाख ४६ हजार लागतमा निर्माण भएको हो । कूल चार बिघा १६ कठ्ठा क्षेत्रफलमा फैलिएको सो कम्प्लेक्सलाई घरेलु र विदेशी पर्यटकको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने सरकारको अवधारणा छ ।

भव्य जनसहभागितामा भएको उद्घाटन कार्यक्रममा प्रथम महिला राधिका शाक्य, उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलगायत सहभागी भएका थिए ।

उद्घाटन समारोहमा प्रधानमन्त्री ओलीले यो कम्प्लेक्स आधुनिक विकासको नमूना भएको बताए । यो सञ्चालनमा आएपछि रोजगारी सृजना हुने र यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गरे ।

विश्वका ठूला मुलुकमा पनि आर्थिक स्रोत र पहिचानका लागि यस्ता अग्ला भवन निर्माण भएको उदाहरण प्रस्तुत गर्दै उनले कम्प्लेक्स भएको क्षेत्रलाई आधुनिक सहर बनाउने घोषणा गरे ।

उनले आफूहरुले बलिदान गरेर ल्याएको लोकतान्त्रिक व्यवस्था मास्न नदिने उद्घोष गर्दै देश चलाउने विषय अरुलाई तथ्यहिन आरोप लगाए जस्तो नहुने उल्लेख गरे । रासस

# फणिनारायणले गर्छन् वार्षिक पाँच करोडसम्मको सुन्तलाको कारोबार



**स्याङ्जा ।**
स्याङ्जाका सुन्तला व्यवसायी एवं अगुवा किसान फणिनारायण अर्यालले बर्सेनि पाँच करोडसम्म सुन्तलाको कारोबार गर्दै आएका छन् । जिल्लाको अर्जुनचौपारी गाउँपालिका–१ थापाथोकमा त्रिपुत्र बागवानी कृषि फार्ममार्फत उनले बर्सेनि करोडौँको सुन्तलाको कारोबार गर्दै आएका हुन् ।

अर्यालले आफ्नै बगैँचामा उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेर ल्याएको सुन्तला बिक्रीबाट यसवर्ष पनि रु पाँच करोडभन्दा बढी कारोबार हुने अनुमान गरिएको बताए । उत्पादन बढी हुँदा र बजार मूल्य राम्रो भएको अवस्थामा वार्षिक रु पाँच करोडसम्मको करोबार हुने उनले जानकारी दिए ।

'आफ्नै फार्ममा उत्पादन भएको सुन्तला र अरु किसानबाट खरिद गरी बिक्री गर्दै आइरहेको छु', अर्यालले भने, 'सुन्तला खरिद बिक्रीबाट यसवर्ष रु पाँच करोडको कारोबार हुने अनुमान छ ।' गतवर्ष रु चार करोड बराबारको कारोबार भएको भन्दै यसवर्ष उत्पादनमा वृद्धि हुनुका साथै बजार मूल्य राम्रो भएकाले कारोबार बढ्ने दाबी गरे ।

सुन्तला बिक्रीबाट जिल्लामा सबैभन्दा बढी आम्दानी गर्ने व्यवसायीका रूपमा अर्याल परिचित छन् । उनले ८० रोपनी क्षेत्रफलमा दुई हजार दुई सय सुन्तलाका बिरुवा लगाएका छन् ।

व्यवसायी अर्यालले प्रचलित बजार मूल्यमा स्थानीय किसानसँग सुन्तला खरिद गरेर बजारीकरण गर्दै आएका छन् । 'प्रचलित बजार मूल्य अनुसार किसानसँग खरिद गर्दै आएको छु', उनले भने 'आँफूले उत्पादन गरेको सुन्तला र अन्य किसानबाट खरिद गरेको सुन्तला काठमाडौँ, पोखरा, नारायणगढ, काँकडभित्ता, भारतको सिलगुडीलगायत बजारसम्म पुग्ने गर्दछ ।'

सुन्तलाको याममा अर्यालले सञ्चालन गर्दै आएको फार्ममा ४० देखि ६० जनाले प्रत्यक्ष रोजगारी पाउने गरेका छन् । सुन्तला टिप्ने, ग्रेडिङ गर्ने, ढुवानी गर्ने, बजारीकरण गर्नेलगायत काममा स्थानीयले रोजगारी पाएका उनले बताए । गत वर्ष कामदारलाइ १७ लाख रुपैयाँ पारिश्रमिक भुक्तान गरेको उनले जानकारी दिए ।

यहाँ उत्पादित सुन्तलाको बजारीकरणका लागि फार्ममार्फत अर्यालले गत वर्षदेखि भाटभटेनी सुपर मार्केटसँग सम्झौता गरेका छन् । नेपालमा पहिलो पटक सुन्तलाको 'ग्रेडिङ' गर्न उपकरण जडान गरिएको उनको भनाइ छ । उक्त उपकरणबाट विभिन्न आठ आकारका सुन्तला ग्रेडिङ हुने बताउँदै ग्रेडिङका आधारमा सुन्तलाको मूल्य निर्धारण गरी बजार पठाउने उनले जानकारी दिए । रासस

# नेप्सेमा उच्च अंकको गिरावट

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक ४५ दशमलव ९३ अङ्कले घटेर दुई हजार छ सय ८९ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव ६७ प्रतिशतको गिरावट हो ।

आइतबार तीन सय २१ कम्पनीको एक करोड ७३ लाख ९२ हजार दुई सय ४४ कित्ता शेयर ८१ हजार चार सय चार पटक खरिदबिक्री हुँदा सात अर्ब ४७ करोड तीन लाख पाँच हजार रुपैयाँ बराबरको कारोबार भएको छ । आइतबारको कारोबारमा दुई सय १४ कम्पनीको शेयर मूल्य घटेको छ । सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा बढी जीवन बिमा समूह तीन दशमलव शून्य सात र व्यापार समूह दुई दशमलव १३ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव ८६, विकास बैंक एक दशमलव शून्य चार, वित्त एक दशमलव ८४, होटल तथा पर्यटन एक दशमलव ८४, जलविद्युत् एक दशमलव ९८ र लगानी समूह एक दशमलव ३३ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ३४, लघुवित्त एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ५९, निर्जीवन बिमा शून्य दशमलव ८३ र अन्य समूह शून्य दशमलव ८१ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

तीनवटा कम्पनीको शेयर मूल्यमा आइतबार नकारात्मक सर्किट लागेको छ । मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, लाइफ इन्स्योरेन्स कर्पोरेसन ९नेपाल० लिमिटेड र जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले घटेको हो । खानीखोला हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको ३२ करोड ६४ लाख ६१ हजार पाँच सय ६९ रुपैयाँको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा लक्ष्मी उन्नति कोषको २० लाख पाँच हजार एक सय कित्ता शेयर किनबेच भएको छ । रासस

# हेल्प नेपालको लगातार जित

**काठमाडौँ ।**
नेपालको हेल्प नेपाल स्पोर्टस क्लबले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष क्लब भलिबल च्याम्पियनसिपमा लगातार दोस्रो जित दर्ता गरेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा आइतबार हेल्प नेपालले गण्डकी प्रदेशविरुद्ध ३–१ सेटको जित निकाल्यो ।

जितसँगै हेल्प नेपालले दुई खेलमा पाँच अंक जोडेको छ । दुवै खेलमा पराजित गण्डकीको समान खेलबाट एक अंक छ ।

पहिलो खेलमा हेल्प नेपालले भारतको क्यालिकट हिरोजलाई ३–२ को सेटमा पराजित गर्दा गण्डकीले मल्दिभ्सको क्लब एचडिसीसँग ३–२ सेटकै हार ब्यहोरेको थियो ।

सुरुआती दुई सेट २५–१५, २५–२३ ले आफ्नो पक्षमा पारेको हेल्प नेपालले तेस्रो सेट भने २३–२५ ले गुमायो ।

चौथो सेटमा २५–१६ को सहज जित निकाल्दै हेल्प नेपालले विजयी यात्रालाई कायम राख्यो ।

सोमबार गण्डकीले इरानको यु–१८ टोली तथा हेल्प नेपालले बुधबार क्लब एचडिसीको सामना गर्नेछन् ।

# चलचित्र महोत्सवमा २३ देशका ५३ चलचित्र देखाइँदै

काठमाडौँ ।
आज सोमबारदेखि २७ गतेसम्म आयोजना हुने '१२औँ नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' मा नेपालसहित २३ देशका ५३ चलचित्र छनोट भएका छन् । महोत्सवमा मानव अधिकारको पैरवीका लागि विभिन्न अन्तरक्रिया तथा गोष्ठी पनि आयोजना गरिने नेपाल मानवअधिकार अन्तर्राष्ट्रिय चलचित्र केन्द्रका अध्यक्ष एवं महोत्सवका निर्देशक पाण्डव खत्रीले जानकारी दिए । 'यसपटकको संस्करणमा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त चलचित्रसमेत सहभागी हुनेछन्, मानव अधिकारसँग सम्बन्धित चलचित्रहरुको प्रवद्र्धन र प्रदर्शनका लागि नियमित रुपमा महोत्सव गर्दै आएको छौँ', निर्देशक खत्रीले भने ।

महोत्सवमा कान्स र बर्लिनजस्ता विश्वचर्चित चलचित्र महोत्सवमा पुरस्कृत चलचित्रहरु 'अल वी इमाजिन एज लाईट', 'द म्यान हु कुडनट रिमेन्न साइलेन्स', एन आउटरन', 'अनार दाना' लगायतको सहभागिताले महोत्सवको रौनकता बढाएको महोत्सव निर्देशक खत्रीले बताए ।

महोत्सवको सुरुआत सोमबार कान्समा पुरस्कृत लघु चलचित्र 'द म्यान हु कुडनट रिमेन साइलेन्ट' हुनेछ । उनले महोत्सवअन्तर्गत 'को–प्रडक्सन, ल्यान्डस्केपः लोकल स्टोरिज फर ग्लोबल अडियन्स' विषयमा मास्टरक्लास दिइने समेत बताए ।

नेपालसहित पाकिस्तान, बङ्गलादेश, भारतलगायत देशका चलचित्रकर्मिको सहभागिता रहने महोत्सव आगामी चार दिनसम्म काठमाडौँको चलचित्र विकास बोर्डको सभाहल र नेपाल पर्यटन बोर्डको सभाहलमा सञ्चालन हुनेछ ।

सन् २००९ मा स्थापना भएको मानव अधिकार चलचित्र केन्द्रले महोत्सवको आयोजना गर्दै आएको छ । रासस

# धर्म, कमाई र मनोरञ्जनका प्रतीक–गढीमाई मेला

शीतलप्रसाद महतो

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक अधिराज्य हो । नेपाली सांस्कृतिक विविधताभित्र भोजपुरी संस्कृतिको आफ्नै पहिचान र महत्व छ । त्यसमा पनि प्राचीन रुपमा सम्पन्न विविध लोकनृत्य, चाडपर्व र मेला जात्राका कारण भोजपुरी संस्कृति आफैँमा गरिमापूर्ण छ । होली, दुर्गापूजा, दिपावली, छठलगायतका विभिन्न सामाजिक चाडपर्व र मेला जात्राले भोजपुरी संस्कृतिको सहिष्णुतापूर्ण इतिहासलाई झनै समृद्धशाली बनाएको छ । यस क्षेत्रमा मनाइने विविध मेला जात्रामध्ये सदा झैँ आपसी सामञ्जस्य र सद्भाव, मेलमिलाप र सौहार्दता तथा खुसी र मनोरञ्जनको पर्व आएको छ– गढीमाई मेला ।



गढीमाई मेला भोजपुरी क्षेत्र अर्थात् तराई–मधेशकै एक प्राचीन सांस्कृतिक र धार्मिक सम्पदा हुन् । यहाँ प्रत्येक पाँच वर्षमा नेपाल र छिमेकी मुलुक भारतका लाखौँ हिन्दू धर्मावलम्बी भक्तजनको भीड हुन्छन् । आफ्नो मनोकामना पूरा हुने इच्छा र विश्वासका साथ माईको दर्शनका लागि आउने श्रद्धालु भक्तजनको वीरगंजदेखि नै सडकमा लर्को देखिन्छ । मङ्सिर शुल्क सप्तमीको मध्यरातिमा सबैभन्दा पहिले गढीमाई मन्दिरका मूल पुजारी मङ्गल चौधरीले लिपपोत गरेर विधिवत् रुपमा पूजाआर्चना गरी गढीमाईलाई रिझाउँछन्, अनि माईको मूर्तिमा पाँच वर्षसम्मको पूजाआर्चना एकैपटक गर्छन् । पुजाका लागि प्रत्येक वर्ष गाउँभरिमा नै सबैभन्दा पहिले लगाएको धानबालीबाट प्राप्त धानलाई शुद्धताका साथ राखेर गढीमाईको मेला परेको वर्षमा त्यस धानलाई कुटेर निकालिएको चामलको खिर बनाई प्रसादस्वरुप माईलाई अपर्ण गरिन्छ र त्यसपछि दुईवटा हाँसको अण्डालाई बलि दिएर पूजाअर्चना गरेपछि मात्र मूल पुजारीले तान्त्रिक विधिअनसार पुजा शुरु गर्ने गर्छन् ।

मूल पुजारीले तान्त्रिक विधिअनुसार माईको पूजाआर्चना गरेपछि गाढीमाईको पुजाका लागि राखिएको दियो (बत्ती) आफैँ बल्छ र त्यसपछि मूल पुजारीले आफ्नो शरिरको महत्वपूर्ण पाँच अङ्ग जस्तै निधार, आँखाको माथिको भाग, जिब्रो, छाती र दाहिने तिघ्राको रगत दिई नरबलिको परम्परालाई कायम राखेको स्थानीय बासिन्दाहरुको भनाइ छ । मूल पुजारीले पूजा सम्पन्न गरेपछि कुभिण्डो र सेतो मुसाको बलि दिन्छन् । माईको प्रतापले बत्ती आफैँ बल्छ र सेतो मुसो पनि कर्तबाट आइपुग्छ भन्ने जनधारणा रहे पनि अचेल सेतो मुसा जङ्गलबाट समातेर ल्याउने गरिन्छ । त्यसपछि बोका, सुँगुर, राँगा र हाँसको बलि दिने गरिन्छ ।

## पञ्चवलि

दिइसकेपछि मात्र श्रद्धालुलाई बलि चढाउने अनुरोध गर्ने प्रचलन रहेको छ । यो मेलाको विशेषता नै बत्ती आफैं बलेपछि बलि दिन शुरु गरिन्छ र बत्ती निभेपछि बलि दिन बन्द गरिन्छ । त्यसबेलासम्म बलिदिन नसकेका राँगाहरुको कान काटेर छाड्ने प्रचलन पनि रहेको छ । यो मेलामा बनारस (भारत) का डुमराजाको राँगो बलिका लागि ल्याउने गरिन्छ, जुन सबैका लागि आकर्षणका केन्द्र हुने गर्दछ । गढीमाईको मूल मन्दिरमा बलि नदिएर त्यसलाई नजिकै अर्थात करिब ७५ मिटर पूर्व रहेको ब्रह्मस्थानमा राखिएको लिङ्गोमा बलि दिइन्छ । राँगाको बलि चाहिँ सप्तमीका दिन मात्र दिइन्छ भने बोका र अन्य पशुपंक्षीको बलि अष्टमीदेखि त्रयोदशीसम्म दिइने गरिन्छ । राँगा बलिका लागि दुई बिघा क्षेत्रफलमा फैलिएको बधशालाभित्र साढे दुई सय मार हान्नेलाई मेला मूल समितिबाट अनुमतिपत्र दिइएको छ । बधशालाको पर्खाल १२ फिट उचाइमा बनाइएको छ । अघिल्लोपटक १० हजारको हाराहारीमा राँगा सयौंको संख्यामा बोका, हाँस, परेवाको बलि दिइएको थियो ।

मेलाका अवसरमा भाकल गरिएका बलि दिन नसक्नेले मकर सङ्क्रान्ति र फागुको दिन पनि बलि दिन सक्छन् । पहिले पूजाका क्रममा गढीमाई मन्दिरको वर्गाकार परिधिलाई मन्त्रद्वारा अक्षता छरेर मूल पुजारीद्वारा घेराबन्दी गरिन्छ । यसो गर्नुको उद्देश्य मेलामा कुनै प्रकारको अनिष्ट हुन नपाओस् भन्ने हो । नेपाल–भारतको विभिन्न भाग र ठाउँबाट श्रद्धालु भक्तजन गढीमाईको शुभदर्शन र भाकलको राँगा एवम् बोका चढाउन आउँछन् । नेपाल र भारतबीचमा सदिऔंदेखिको सांस्कृतिक, धार्मिक र सामाजिक सम्बन्धलाई अझ सुदृढ तुल्याउनमा यस मेलाले एउटा सांस्कृतिक सेतुको काम गरेको छ ।



मेलामा बलि चढाउँदा मनोकामना पूरा हुने जनविश्वास रहेको छ । मन्दिर नजिकै रहेको पोखरीमा नुहाइधुवाई गरी चोखो भएर श्रद्धालु भक्तजनहरुले गढीमाईको जय भन्दै मन्दिरमा प्रवेश गर्छन् र माईको दर्शन एवं पूजा अर्चना गर्ने गर्छन् । आज आइतबारदेखि मेलामा दिइने बलि र गढीमाई दर्शनका लागि दर्शनार्थीको ओइरो, रङ्गीचङ्गी सजावट, विभिन्न प्रदर्शनी, खेल तमासाका मनोरञ्जनात्मक दृश्य र व्यापारले मेलाको रौनक बढाएको छ । यस क्षेत्रका सर्वसाधारणले यो मेलालाई उत्सवका रूपमा मनाइरहेका छन् । सडक र मेलामा भीड बढेको छ । शक्तिपीठ गढीमाईप्रति आस्था राख्ने देश विदेशका दर्शनार्थी मेला भर्न आउने गरेकाले भीड व्यवस्थापनका लागि मेला मूल व्यवस्थापन समितिको आग्रहमा जिल्लाका अधिकांश विद्यालयको पठनपाठन शुक्रबारदेखि पाँच दिनका लागि बन्द गरिएको छ । यसैगरी मधेस प्रदेश सरकारले बलिका दिन प्रदेशभरि बिदा दिएको छ । यस मेलामा आउने दर्शनार्थीको सुविधाका लागि सडक, सुरक्षा, ट्राफिक, पानी, बत्ती र सञ्चारलगायतका विविध सुविधा पर्याप्त मात्रामा मिलाइएको छ ।



वीरगंजबाट १७ किलोमिटर पूर्व र बारा जिल्लाका सदरमुकाम कलैयावाट करीब सात किलोमिटर टाढा पसाहाखोला नजिक अवस्थित गढीमाईमा यो मेला लागेको छ । पशुपंक्षीको बलिको हिसाबले यो मेला एशियाको सबैभन्दा बढी बलि दिइने शक्ति पीठको रुपमा बिख्यात छ । अघिल्लोपटक ९० लाखभन्दा बढी दर्शनार्थीले गढीमाईको पुजाअर्चना र दर्शन गरेको तथ्याक छ । यस बर्ष करिब एक करोड मानिस मेला हेर्न आउने तथा ७० हजारभन्दा बढी पशुपंक्षीको बलि चढ्ने अनुमान मेला मूल आयोजक समितिले गरेको छ । गढीमाईमा हजारौँ पशुपक्षीको बलि चढाइए पनि त्यहाँ झिँगा भने देखिँदैन । यसलाई श्रद्धालु भक्तजनले गढीमाईको महिमाको रुपमा लिने गर्छन् । बलि दिएको राँगाको टाउकालाई ब्रह्मस्थान नजिकैको चौरमा खाल्डो खनी गाडिन्छ । मेलामा ज्यादै घुइँचोले गर्दा कलैयाबाट बरियारपुर जाने बाटोमा पर्ने पसाहा नदी पार गर्नासाथ बलि दिन थालिन्छ ।

यो मेलाको अर्को महत्वपूर्ण पक्ष भनेको मनोरन्जन पनि हो । ग्रामीण समुदायका लागि मनोरन्जन प्रदान गर्ने यो मेला एउटा सशक्त माध्यम बनेको छ । मेला अवधिभर विभिन्न थरीका पिङ (झुला), मौतका कुवा, सर्कस आदि मनोरञ्जनका साधन राखिएका छन् भने रातिको समयमा नाच र नौटङ्की हेरेर मनोरञ्जन गरिन्छ । बैष्णोदेवी मन्दिरले यसपालि मेलालाई थप आकर्षण बनाएको छ । मेलामा दुई वटा स्थानमा काठ र बाँसबाट वैष्णोदेवीको भव्य मन्दिरको निर्माण गरिएको छ । लाखौँ मानिस भेला हुने भएकाले यो मेलामा व्यापारिक कारोबार पनि राम्रै हुन्छ । आवश्यक पर्ने घरायसी सामानहरुको खरिद गर्न किसानहरुले मङ्सिरमा भित्र्याइएको धान बेचेर पैसाका जोहो गरेका हुन्छन् ।

जाडोयाममा लाग्ने यो मेलामा विशेषगरी पहाडबाट ल्याइएका सुन्तला, जडिवुटी, कम्बल, तेजपात, पहाडी फलफूलहरु, खुकुरी, घीउ र महजस्ता सामानहरु तराई वा भारतीय ग्राहकहरुले किनेर जैजान्छन् भने पहाडका ग्राहकले कपडा, फलामका सामान, भाँडाकुँडा र मसाला किन्छन् । कस्मेटिक्स र सस्ता गरगहनालगायतका सामानहरु बेच्ने पसलहरुमा महिलाको भिडभाड देखिन्छ । दही, च्यूरा, जेरीपुरी र मिठाइ बेच्ने पसलहरुलाई पनि भ्याइनभ्याइ हुन्छ ।

गढीमाई मेला आफ्नो इष्टमित्र र नातागोतासँग मिल्ने तथा भेटघाट गर्ने अवसर पनि हो । मेला लाग्ने आसपासका गाउँ र सहरका घरघरमा पाहुना भरिभराउ छन् । वीरगंज, कलैयालगायत वरिपरिका गाविसहरुमा टाढाटाढाबाट मेला हेर्न आएका आफन्तहरु दुई÷चार दिन बस्ने गर्दछन्, जसलाई मेहमानी भन्ने गरिन्छ ।

बरियापुर नजिकका झण्डै आधादर्जन बढी गाउँमा गाउँलेहरुले मेहमानीका लागि मेला सुरु हुनुभन्दाअघिदेखि नै चामल, दाल र ओढ्ने ओछ्याउने कपडालगायतका बन्दोबस्तीका सामानहरु जोहो गरेर राखेका हुन्छन् । धर्म, कमाई र मनोरञ्जनका हिसाबले सर्वाधिक प्रख्यात यो पौराणिक मेलामा पहाडी र मधेशी समुदायको वास्तविक झझल्को पाइन्छ । यस अर्थमा गढीमाईको मेला सद्भावको मेला पनि हो । आत्मीयता, आनन्द र आस्थाको अटुट प्रदर्शनस्थलको रुपमा रहेको यस मेलालाई बढी व्यवस्थित पार्नका लागि सबै पक्षबीच समन्वय, समझदारी र सहकार्य हुनुपर्दछ ।

# मुख्यमन्त्रीले गरे कृषि प्रदर्शनीको अवलोकन




**मधेशदृष्टि**
**बारा ।**
विश्वप्रसिद्ध गढिमाई मेलामा कनेक्ट किसानद्वारा आयोजीत कृषि प्रदर्शनीको मधेश प्रदेशका मुख्यमन्त्री सतिस कुमार सिंहले अवलोकन गरेका छन् । प्रदर्शनीको अवलोकन गर्दै मुख्यमन्त्री सिंहले कृषि विशेष प्रदर्शनी आयोजना गरेकोमा कनेक्ट किसानलाई धन्यवाद ज्ञापन गरेका थिए । मधेश सरकारले पनि छिट्टै प्रदेश स्तरीय कृषि प्रदर्शनी आयोजना गर्न लागेको जानकारी गराउँदै मुख्यमन्त्री सिंहले सँगै काम गर्न अनुरोध गरेको कनेक्ट किसानकी अध्यक्ष सञ्जीता लामिछानेले जानकारी दिइन् । अन्नको भण्डार मानिने मधेशमा कृषिको आधुनिकिकरण र कृषकको स्तरोन्नतीले मात्रै मधेश समृद्ध हुने उनको भनाई थियो । मुख्यमन्त्री सिंहसँगै प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाँ, पर्यटन सचिव सुशील साहको सहभागिता रहेको थियो ।

**ताईवानका पर्यटकले गरे अवलोकन**

धार्मिक भ्रमणमा आएको ताईवानको पर्यटकहरूको समुहले पनि कृषि प्रदर्शनीको अवलोकन गरेको छ । करिब २५ जनाको समुहमा रहेको ताईवानी पर्यटकहरूले प्रदर्शनीको अवलोकन गरेको जीतपुर सिमरा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले जानकारी दिए । पर्यटकहरूले नेपाली रैथाने कृषि उत्पादन सिन्धुलीको जुनार, रौतहटको ड्रागनफ्रुट, नुवाकोटको कफी, वीरगंजको च्याउ, दही तथा हस्त निर्मित सामग्री, चितवनको बेसार, सप्तरीको अचार, प्युठानको अर्गानिक महको विशेषरूपमा अवलोकन गरेका थिए । उनिहरूले प्रदर्शनीमा राखिएको सात प्रदेशको सात फरक परिकारको पनि स्वाद लिएका अध्यक्ष लामिछानेले बताए ।

गढिमाई मेलाभर्न आउने करोडौँ सहभागीलाई लक्षित गरी पालिकाहरुहरुको स्थानीय उत्पादन, रैथाने बाली र कृषि सम्बन्धित वस्तु तथा सेवाको प्रवद्र्धन गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो । कृषिमा आधुनिक प्रविधि अन्तर्गत थोपासिचाई प्रविधि, नर्सरी तथा माछाको प्रदर्शनी, कृषि उपकरणमा विभिन्न कम्पनीका ट्राक्टर, रोटावेटर, हार्वेष्ट कम्पाईन तथा अन्यआवश्यक उपकरणहरुपनि प्रदर्शनीमा राखिएका छन् । प्रदर्शनीको भोली समापन गरिने कनेक्ट किसानको अध्यक्ष लामिछानेले जानकारी दिए ।

# एक करोड रुपैयाँ बढीको चाँदीसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको अमलेखगञ्जबाट प्रहरीले १ करोड बढी मूल्यको चाँदीसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराकै कलैया उपमहानगरपालिका–५ घुसुकपुरका ३६ वर्षिय कर्म साह सोनार रहेका छन् ।

वीरगंजबाट हेटौडातर्फ जाँदै गरेको बागमती प्रदेश ०३–००५ प ३२६ नम्बरको स्कुटरमा सवार सोनारलाई ईलाका प्रहरी कार्यालय अमलेखगञ्जका प्रहरी वरिष्ठ नायब निरीक्षक टेकबहादुर कार्की नेतृत्वको प्रहरी टोलीले पक्राउ गरेको हो । सोनार सवार स्कुटीको खुट्टा राख्ने ठाँउमा फल्स बटम बनाई लुकाएर राखिएको १ करोड २ लाख रुपैयाँ मूल्यको ६० केजी चाँदी बरामद गरिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

# भव्यताका साथ सामूहिक विवाह सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शनिबार राति विश्व हिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहको नेतृत्वमा जानकी मन्दिरमा ३४ जोडीको विवाह भव्यताका साथ सम्पन्न भएको छ । बिहेअघि सबै बेहुलालाई बाजासहित जनकपुरधामको नगर भ्रमणमा लगिएको थियो । त्यसपछि जानकी मन्दिर ल्याइयो । जहाँ मिथिला विधिविधान अनुसार विवाहको सम्पूर्ण संस्कार सम्पन्न भएको थियो । बेहुलीलाई पूर्वमन्त्री तथा सांसद जुली महासेठ, समाजसेवी डा. सोनी महतो, कमला पोलिथिन इन्डस्ट्रिजकी प्रा. कमला महतोलगायतले परिक्षण गरेका थिए । त्यहाँ जनकपुरधामका मेयर मनोजकुमार साह, उद्योगपति तथा समाजसेवी ओम सर्राफ, विश्व हिन्दू परिषद्का उपाध्यक्ष रघुनाथप्रसाद साह, महासचिव जितेन्द्र सिंह, आशिष महतो, पवन ठाकुर, राजकुमार साह, मनोहर साहको उपस्थिति रहेको थियो । त्यसपछि वेदीमा ३४ जोडीको सामूहिक विवाहको आयोजना गरिएको थियो । एक जोडीको विवाहमा ५१ हजार रुपैयाँ खर्च गरिएको थियो । त्यहाँ कमला महतो, प्रभुदयाल जालान, जीवन ठाकुरलगायतको योगदान रहेको छ । सो अवसरमा विश्व हिन्दू परिषद्का महासचिव राजेन्द्रसिंह पंकजले विश्व हिन्दू परिषदले सन् २०१९ देखि यो सामूहिक विवाह आयोजना गर्दै आएको बताए । आयोजक समितिले दुलहा दुलहीलाई कपडा, भान्साको सामान, कम्बल, बक्स, औंठी र श्रृंगार सामानहरू प्रदान गरेको थियो । जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास वैष्णव, जनक उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, पूर्वअध्यक्ष शिवशंकर साह हिरालगायतको उपस्थिति रहेको थियो ।

# एनपिएलमा जनकपुर बोल्ट्सको लगातार चौथो जित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रिमियर लिग (एनपिएल)मा लगातार जनकपुर बोल्ट्सले लगातार चौथो जित हात पारेको छ । आइतबार भएको खेलमा जनकपुर बोल्ड्सले लुम्बिनी रोयल्समाथि एक रनको




रोमाञ्चक जित हात परेको हो । लुम्बिनीले भने लगातार चौथो हार व्यहोरेको छ । १३७ रनको लक्ष्य पछ्याएको लुम्बिनीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३५ रन मात्रै बनाउन सक्यो । अन्तिम ओभरमा लुम्बिनीलाई जितका लागि नौ रन चाहिएको थियो । तर, क्यानेडाली बलर हर्ष ठाकर बाधक बने । पहिलो बलमै साद बिन जाफरलाई शून्य रनमा पभिलियन फर्काएका हर्षले दुर्गेश गुप्तालाई अर्को बलमा चौका दिएका थिए । तेस्रो बल उनले डट राखे। चौथो बलमा दुर्गेशलाई एक रन दिए । योसँगै पाँचौं बल सामना गर्न सन्दीप जोरा आएका थिए । उक्त बलमा दुई रन लिने क्रममा सन्दीप रन आउट हुन बारम्बर जोगिएका थिए । तर, अन्तिम बलमा दुई रन चाहिएको अवस्थामा हर्षले सन्दीपलाई किशोर महतोबाट क्याच आउट गराएर लुम्बिनीलाई प्रतियोगितामा पुनरागमन गर्न दिएनन् ।

पहिलो खेलमा विराटनगर किङ्ससँग दुई विकेटको झिनो हार र दोस्रो खेलमा पोखरा एभेन्जर्ससँग १० विकेटको एकतर्फी पराजयले लुम्बिनीलाई कठिन थियो । यही अवस्थामा शनिबार सुदूरपश्चिम रोयल्ससँग ४५ रनको अर्को फराकिलो हार बेहोरेसँगै लुम्बिनीको यात्रा कमजोर भइसकेको छ । लुम्बिनी प्रतियोगितामा जित निकाल्न नसक्ने एक मात्रै टोली हो ।

यता, जनकपुरको भने यो लगातार चौथो जित हो । जनकपुरले विराटनगरलाई आठ, कर्णाली याक्सलाई आठ र पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको थियो । लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ३५ रन बनाए । ३८ बल खेलेका उनले तीन चौका प्रहार गरे ।



उनले टम मुर्ससँग तेस्रो विकेटका लागि ४१ रनको साझेदारी गरे । अन्य ब्याटरले भने राम्रो साझेदारी गर्न सकेनन् । २३ बलमा दुई चौका र एक छक्का प्रहार गरेका मुर्स ३१ रनमा आउट भएपछि लुम्बिनी निरीह देखिएको थियो । बेन कटिङ तीन तथा विवेककुमार यादव र साद बिन जाफर शून्य रनमा पभिलियन फर्किए । अर्जुन साउदले २० र सन्दीपले १६ रनको योगदान दिए पनि पर्याप्त बन्न सकेन । जनकपुरका हर्ष ठाकरले लुम्बिनीलाई रोक्ने क्रममा सार्वाधिक पाँच विकेट लिए । चार ओभर बलिङ गरेका उनले २३ रन खर्चिए । किशोर महतो, ललितनारायण राजवंशी र शेर मल्लको नाममा समान एक विकेट रह्यो ।




त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा लुम्बिनी लायन्सका कप्तान रोहितले टस जितेर पहिला बलिङ गर्ने निर्णय गरेका थिए । योसँगै बिहानको कन्डिसनमा जनकपुरलाई ब्याटिङ गर्न सहज नहुने आकलन गरिएको थियो । तर, ओपनरद्धय आसिफ शेख र अनिलकुमार साहसँगै लाहिरू मिलन्थाले केही राम्रो साझेदारी गर्दै यो गलत रहेको सावित गर्दिएका थिए । यी तीन जना आउट भएसँगै जनकपुरले ब्याटिङमा संघर्ष गर्दै निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३६ रन बनाएको हो । यसअघिका तीन खेलमा जनकपुरले कम्तिमा तीन विकेटभन्दा बढी गुमाउनु परेको थियो ।

उसले विराटनगर किङ्सलाई आठ, कर्णाली याक्सलाई आठ र पोखरा एभेन्जर्सलाई सात विकेटले हराएको थियो । यी खेलमा आसिफ, अनिल, लाहिरू र हर्ष चलेका थिए । आइतबारको खेलमा ओपनर आसिफले १६ रनभन्दा बढी जोड्न सकेनन् । यद्यपि, उनले अनिललाई ४८ रनको साझेदारी गर्न सहयोग गरे । लाहिरू २४ रनमा आउट हुँदा ३९ बलमा एक चौका र चार छक्का प्रहार गरेका अनिल अर्धशतकबाट पाँच रनले चुके । ११.३ ओभरमा उनी सन्दीप जोराको बलमा विवेककुमार यादवबाट ४५ रनमा क्याच आउट भएपछि जनकपुरले ब्याटिङमा संघर्ष गर्नुपरेको हो ।

१३ औं ओभरको दोस्रो बलमा लाहिरू पभिलियन फर्किए। सोही ओभरको चौथो बलमा हर्ष ठाकर एक रनमा आउट भए । अन्तिम बलमा जेम्स निसम पनि एक रनमै आउट भए । तीन जनै ब्याटर अभिषेक गौतमको बलमा आउट भएका हुन् । जनकपुरले त्यसपछि मोहम्मद मोहसिनलाई तीन, शेर मल्ललाई शून्य र हेमन्त धामीलाई ९ र ललितनारायण राजवंशीलाई शून्य रनमा गुमायो । शुभ कंशकार भने २२ रनमा अविजित रहन सफल भए । लुम्बिनीक अभिषेक गौतमले सर्वाधिक तीन विकेट लिए । चार ओभर बलिङ गरेका उनले २० रन खर्चिए । जाफर र रोहितले समान दुई विकेट लिँदा सन्दीपको नाममा एक विकेट रह्यो ।

## भारत फर्किए शिखर धवन



नेपाल प्रिमियर लिए (एनपिएल) खेल्न नेपाल आएका भारतीय चर्चित क्रिकेटर शिखर धवनले स्वदेश फर्किएका छन् । स्वदेश फर्किनुअघि उनले एभरेस्ट बेसक्याम्पको अवलोकन गरेका थिए । अवलोकनपछि शिखर आइतबार साँझ एयर इन्डियाको जहाजमार्फत स्वदेश फर्किएका हुन् । यसअघि उनले एनपिएलका क्रममा पशुपति नाथ दर्शन गरेका थिए । शिखरले आउँदो मार्चमा नेपालको भ्रमणमा आउने चाहना व्यक्त गरेका छन् । कर्णालीबाट चार खेल खेलेका शिखरले एक अर्धशतकसहित १३६ रन बनाए । भारत फर्किएका उनले नेपालमा एनपिएल खेल्दा राम्रो अनुभव भएको बताए । 'राम्रो अनुभव भयो । नेपालका खेलाडीलाई केही सिकाउने र मैले पनि केही सिक्ने मौका पाँए,' उनले भने ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन